कम्बोडियाका पूर्वप्रधानमन्त्री हुन सेन अग्रिम पङ्क्तिको... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २७० • २०८० साल फाल्गुन १४ गते सोमबार (26 Feburary, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# अध्यक्ष पद छाड्न ठाकुरमाथि दबाब

## पार्टी जोगाउन मार्ग प्रशस्त गर्न महासचिवको आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम। लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का अध्यक्ष महन्थ ठाकुरमाथि पद त्याग गर्न दबाब बढ्न थालेको छ।

लोसपाबाट अलग्गिएको घोषणा नगरे पनि वरिष्ठ नेता राजेन्द्र महतोले छुट्टै अभियान सञ्चालन गरेको बेला महासचिव केशव झाले राजीनामा गरेर पार्टीलाई जीवन्त बनाउन ठाकुरलाई आग्रह गरेका छन्।

झाले अध्यक्ष ठाकुरलाई सम्बोधन गर्दै लेखेको पत्रमा तमलोपा देखि लोसपा सम्मको यात्रा तय गरिसक्दा कहाँनेर के चुक भयो ? भनेर प्रश्न गरेका छन्।

पार्टीमा अझै तमलोपा, सद्भावना, रामसपा र नेपाल सद्भावना पार्टीको लिगेसी रहेकाले नेतृत्वमा भागबण्डा गर्न नसक्दा पनि मृत बनेको आरोप महासचिव झाले लगाएका छन्। त्यस लिगेसीको उत्तराधिकारीलाई जिम्मा लगाएर अध्यक्ष ठाकुरलाई विश्राम लिन सुझाव दिदै उनले अगाडि भनेका छन् ,' अभिभावकत्व ग्रहण गरेर मार्गदर्शन गर्न उपयुक्त होला।

' इतिहासले सधैँ अवसर दिँदैन बेलैमा अवसर छोप्नु बुद्धिमानी होला ' झाले भनेका छन्, हाम्रो राजनीति भनेको आन्दोलन उठाउने र अवसरवादमा परिणत गर्ने बाहेक अरू केही हुन सकेन।'

मधेशमा नेतृत्वको कमजोरीकै कारण मधेशी पार्टीहरू कमजोर भई पुरानै एमाले, कांग्रेस जस्ता पार्टीहरू बलियो भइरहेका छन्' झाले





लेखेका छन्, जनतामा आएको निराशालाई आशामा बदल्ने प्रयत्न गर्नु उपयुक्त होला ।

नेतृत्वबाट विश्राम नलिए हाम्रो पार्टी निष्प्राण हुँदै बिस्तारै सबैले छोडेर जाने उनले चेतावनी दिएका छन् । सीमित व्यक्तिको अवसरवादको लागि क्रान्तिको दियो निभ्न नदिन आग्रह गर्दै देशमा मधेशी जस्तै पीडामा रहेका आदिवासी जातजाति लगायत अन्य उत्पीडित समुदायहरूसँग हातेमालो गरेर तपाइले विगतमा देखाउनु भएको बहुलराष्ट्रिय राज्यको सपना पूरा गर्नको लागि अगाडि बढ्ने बेला भइसकेको स्मरण गराएका छन्।

नेपाली कांग्रेस त्याग गरी १६ वर्ष पूर्व ठाकुरले गठन गरेको तराई मधेश लोकतान्त्रिक पार्टी(तमलोपा)का संस्थापकहरु मध्येका औंलामा गनिने नेताहरु मात्र उनीसित छन् ।

नेतृत्वको अवसर नदिएकै कारण वरिष्ठ नेता महतो पनि छाड्ने अन्तिम चरणमा पुगेका छन्।

महासचिव झाले दिएको चेतावनी युक्त सुझावमा अध्यक्ष ठाकुरलाई कार्यकारी अधिकार सहितको नेतृत्व महतोलाई दिने संकेत गरेका छन् । लोसपाका अर्का वरिष्ठ नेता अनिल कुमार झा पनि निष्कृय छन् । एकजना वरिष्ठ नेता शरतसिंह भण्डारी संघीय सरकारमा श्रम मन्त्री छन्।

गत हप्ता लोसपाका मधेश प्रदेश सभासदहरुले अध्यक्ष ठाकुरको निर्देशनलाई वेवास्तागर्दै सरकारलाई विश्वासको मत नदिन भारतको सुरसण्डमा बैठक गरेका थिए।

ठाकुरका अत्यन्त निकट मानिने फरार सूचीका सभासद अभिराम शर्मा, रानी तिवारी लगायतले माओवादी केन्द्रसित मिलेर मधेश प्रदेशको सरकार ढाल्ने खेलमा सकृय रहेका थिए।

पार्टीमा प्रभाव निष्कृय भइसके पनि पद नछाड्ने अध्यक्ष ठाकुरको कारण लोसपा धराशायी हुने चरणमा पुगिसकेको नेताहरुले बताउन थालेका छन्।

कांग्रेसबाट हटेर आफ्नै अध्यक्षतामा पार्टी खोलेका ठाकुरले १६ वर्षमा महाधिवेशन नै गरेका छैनन्। आफू अध्यक्ष र नाता कुटुम्ब, आसेपासेलाई पदाधिकारी बनाएर पार्टी चल्न नसक्ने प्रष्ट सुझाव महासचिव झाले दिएका छन्।

अध्यक्ष ठाकुरले पद नछाडे अथवा कार्यकारी अधिकार सहितको नेतृत्वगर्ने जिम्मेवारी नदिए महासचिव झा सहितले पार्टी छाडने चेतावनी पनि दिएका छन्।

वरिष्ठ नेता भण्डारीका विश्वास पात्र मानिने महासचिव झाको सुझावले अध्यक्ष ठाकुर चौतर्फी दवावमा परेका छन् । प्रदेश सभासदहरुले मधेश प्रदेशमा सरकार ढाल्न गरेको अनुशासनहीन कार्यपछि भण्डारी पनि अध्यक्ष ठाकुरसित असन्तुष्ट भएका छन् । त्यसको छनक झाको पत्रले दिएको छ।

लोसपा छाडेर नयाँ पार्टी जनता प्रगतिशील पार्टी(जप्रपा)का गठन गरेका ह्दयेश त्रिपाठी, तराई मधेश लोकतान्त्रिक पार्टी गठन गरेका वृषेश चन्द्र लालले कार्यगत एकतागर्दै जसपा बाहेकका मधेश केन्द्रित दलहरुलाई पनि कार्यगत एकताका लागि आह्वान गरेका छन्।

तर ठाकुरको नेतृत्वमा अन्य दलहरु लोसपासित तालमेल गर्ने पक्षमा देखिएका छैनन्।










# पूर्व राष्ट्रपति भण्डारी महिला हक्की प्रतियोगिताको उद्घाटन

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नागरपालिकामा प्रथम मदन भण्डारी राष्ट्रिय महिला हक्की प्रतियोगिता आजदेखि सुरु हुँदैछ । राष्ट्रिय महिला हक्की प्रतियोगिताको उद्घाटन पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नेछिन् ।

मदन भण्डारी स्पोटर्स एकेडेमीले आइतबार पत्रकार सम्मेलनमा फागुन १४ देखि १९ गतेसम्म महेन्द्रनगरस्थित क्षीरेश्वरनाथ माध्यमिक विद्यालयको खेल मैदानमा प्रतियोगिता हुने मदन भण्डारी स्पोटर्स एकेडमीका अध्यक्ष ध्रुव आचार्यले जानकारी दिए ।

एकेडमीका अध्यक्ष आचार्यले मधेश प्रदेशमा खेल पर्यटनको विकास तथा महिला खेलाडीहरुलाई अगाडि ल्याउनका लागि प्रतियोगिता गर्न लागिएको बताए ।

प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भइसकेको बताउँदै उनले सो प्रतियोगिताको उद्घाटन पूर्व राष्ट्रपति भण्डारीले गर्ने कार्यक्रम रहेको बताए ।




अध्यक्ष आचार्यले प्रतियोगिताका लागि करिब ५६ लाख १३ हजार रुपैयाँ खर्च लाग्ने बताए । उनले यस प्रतियोगितामा कर्णाली प्रदेशबाहेक ६ वटा प्रदेश, एक विभागीय टोली (नेपाल आर्मी) र एक आयोजक टीम गरि आठ वटा टीम सहभागिता हुने बताए ।

उनले प्रतियोगितामा प्रथम हुने टीमलाई १ लाख ५० हजार रुपैयाँ नगद, द्धितिय स्थान ल्याउनेलाई १ लाख रुपैयाँ नगद र तृतीय स्थान प्राप्त गर्नेलाई ५० हजार रुपैयाँ नगद पुरस्कार तथा शिल्ड एवं प्रमाणपत्रसमेत प्रदान गर्ने बताए ।

आयोजना गरिएको पत्रकार सम्मेलनमा क्षीरेश्वरनाथ नगरपालिकाका नगर प्रमुख सुखदेव यादव, एकेडमीका केन्द्रिय उपाध्यक्ष तेज विक्रम बस्नेत, सचिव सरजुग महर्जन, उपमहासचिव सुर्वण श्रेष्ठलगायतकाहरुको उपस्थिति रहेको थियो ।

# 'अर्थतन्त्रको सुधारका लागि निजी क्षेत्रको सुझावअनुरुप काम गर्छु'

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशको अर्थतन्त्र सुधारका लागि निजी क्षेत्रको सुझावअनुरुप सरकारले पहल गर्ने बताएका छन् ।

नेपालको निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घसंस्थाका तर्फबाट प्रधानमन्त्रीलाई भेट्न गएका नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लसँग प्रधानमन्त्रीले सो धारणा राखेका हुन् ।

प्रधानमन्त्री दाहालले देशको अर्थतन्त्रको अवस्थाप्रति आफू गम्भीर रहेको र यसको सुधारका पक्षमा सरकारले काम पनि गरिरहेको जानकारी दिएको ती संस्थाद्वारा जारी संयुक्त विज्ञप्तिमा जनाइएको छ । प्रधानमन्त्रीले देशमा व्यावसायिक वातावरणको निर्माणका लागि सरकार लागिपरेको पनि बताएका थिए । अर्थतन्त्रमा समस्या देखिएपछि आफू प्रधानमन्त्री भएदेखि नै निजी क्षेत्रको सल्लाह र सुझावका आधारमा काम गरेको र अहिले पनि निजी क्षेत्रको परामर्शअनुसार अघि बढ्ने उनले बताएका थिए ।



निजी क्षेत्रका संस्थाका अध्यक्षहरुले प्रधानमन्त्री दाहाललाई भेटी देशमा व्यावसायिक वातावरण निर्माण गर्न आग्रह गरेका थिए । उनीहरुले प्रधानमन्त्रीसँग अर्थतन्त्र सुधार गर्न सरकार गम्भीर हुनुपर्ने धारणा राखेका थिए । बाह्य क्षेत्र सुधार हुँदै गए पनि बजार चलायमान हुन नसक्दा अर्थतन्त्र अझै पनि जोखिममा रहेको तथा औसतमा उद्योगहरु ४० प्रतिशतभन्दा कम क्षमतामा चलिरहेको भन्दै उहाँहरुले प्रधानमन्त्रीसमक्ष व्यावसायिक वातावरण निर्माण गर्न आग्रह गर्नुभएको प्रेस वक्तव्यमा जनाइएको छ ।

सो वक्तव्यमा भनिएको छ, "कोभिडपछिको तीव्र विस्तार व्यवस्थापन गर्न नसक्दा यो समस्या आएको हो ।

मूलतः सरकार र अन्य नियामक निकायहरुको नीतिका कारण अर्थतन्त्रमा साना व्यवसायीबाट सुरु भएको समस्या बैङ्क वित्तीय संस्थामा पुगिसकेको छ । बैङ्क वित्तीय संस्थापछि यसको असर सरकारको राजश्वमा समेत परिरहेकातर्फ निजी क्षेत्रले सरकारको ध्यानाकर्षण गराएको छ ।" "न्यून माग छ, निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण प्रतिकूल छ र आयोजना निर्बाध रुपमा चलाउन सकिएको छैन," महासङ्घ अध्यक्ष ढकालले भेटका क्रममा भने, "सरकार समस्या समाधानका लागि तत्पर हुनैपर्छ ।"

उनले अख्तियार, सतर्कता केन्द्रजस्ता निकायले निजी क्षेत्रलाई हेर्ने प्रावधान न्यायसङ्गत नभएको हुँदा प्रस्तावित विधेयकहरुबाट यसलाई हटाउनुपर्नेमा जोड दिँदै व्यवसायीको सम्मानका लागि निजी क्षेत्रलाई पनि मर्यादाक्रममा समावेश गर्नुपर्ने माग अध्यक्ष ढकालले गरे । भेटका क्रममा परिसङ्घका अध्यक्ष अग्रवालले व्यवसायीहरुलाई निर्बाध काम गर्ने वातावरण हुनुपर्ने धारणा राख्दै निजी क्षेत्रलाई हेर्ने व्यवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिएका थिए ।

चेम्बर अध्यक्ष मल्लले घरजग्गा र शेयर कर्जामा रहेको जोखिम भारको व्यवस्थालाई एक सय प्रतिशतमा झार्नुपर्ने बताए । उनले भने, "अहिले एक सय २५ प्रतिशत जोखिम भार छ, यसलाई एक सय प्रतिशतमा घटाउन सके बजारमा माग बढ्छ ।" उनीहरुले सो भेटका क्रममा 'रेमिट्यान्स' आप्रवाह र विदेशी मुद्राको सञ्चिति निकै बढी भए पनि मूलतः बजारमा माग नहुँदा व्यवसायी निराश भएको र ठूलो रकम बैङ्क वित्तीय संस्थाहरुमा थन्किएको बताएका थिए ।

त्यसैगरी, पछिल्लो समयमा लगानीको वातावरण बिथोल्ने गरी देशका विभिन्न स्थानमा विविध क्रियाकलाप भइरहेको जानकारी गराउँदै सरकारबाट स्वीकृति लिएर काम सुरु गरेका आयोजनामा समेत अनावश्यक अवरोध उत्पन्न गरिएको बताउँदै वित्तीय क्षेत्र लक्षित पछिल्ला गतिविधिले समेत अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्नसक्ने भन्दै सरकारको ध्यानाकर्षण गराएका थिए ।

# नागरिकमैत्री पत्रकारिताका लागि सामाजिक सञ्जालको उपयोग

टुडे समाचारदाता

काठमाण्डु।नागरिकमैत्रीपत्रकारिताका लागि सामाजिक सञ्जालको भरपुर उपयोग गरिनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । ललितपुरमा भएको 'जनप्रतिनिधिसँग प्रेस सेन्टर' विषयक अन्तर्क्रियामा सहभागीले सूचना प्रविधिको प्रभाव रहेको वर्तमान समयमा सत्यतथ्य सूचना र घटनालाई चाँडो र प्रभावकारीरुपमा सम्प्रेषण गर्दै सुसूचित गराउने नागरिकमैत्री पत्रकारिताका लागि सामाजिक सञ्जालको भरपुर उपयोग गरिनुपर्नेमा जोड दिएका हुन् ।

अन्तर्क्रियामा कार्यपत्र प्रस्तुत गर्दै माओवादी केन्द्र प्रचार विभागका सहइञ्चार्ज महेश्वर दाहालले पत्रकारले नागरिकलाई केन्द्रबिन्दुमा राखेर पत्रकारिता गर्न सामाजिक सञ्जालको सही तरिकाले प्रभावकारी हुनेगरी उपयोग गर्नुपर्ने बताए । "वेबसाइट, ब्लग र सामाजिक सञ्जाल प्रयोग गरेर जनताले जनतालाई नै सूचित गर्ने अभ्यास नागरिक पत्रकारिता हो, यसको व्यवस्थित जग भने दक्षिण कोरियाबाट निर्माण भएको हो । अहिले विश्वभरि इन्टरनेटले लाखौं समाचार साइट र ब्लग जन्मिएका छन्, यसको सही प्रयोगबाट नै आइतबारको युगमा प्रभावकारीरुपमा नागरिकमैत्री पत्रकारिता गर्न सकिन्छ", दाहालले भने । कार्यक्रममा 'सामाजिक सञ्जालको प्रयोग र प्रचार युद्ध' विषयमा कार्यपत्र प्रस्तुत गर्दै उनले वेबसाइट, ब्लग र सामाजिक सञ्जाल प्रयोग गरेर जनताले जनतालाई नै सूचित गर्ने अभ्यास दक्षिण कोरियाबाट निर्माण भएको बताए । उनले सन् २००० देखि सामाजिक सञ्जालको प्रयोग र प्रचारले फड्को मार्दै आएको प्रष्ट पारे । दक्षिण कोरियाका अनलाइन उद्यमी ओह येओन-हो नेतृत्वको टिमले 'सबै नागरिक रिपोर्टर' का अवधारणा ल्याएको जानकारी गराउदै उनले सात सय २७ जना नागरिक रिपोर्टरबाट सुरु भएको अनलाइन सूचना प्रणाली सन् २००७ सम्म आउँदा सय देशबाट ५० हजार नागरिक रिपोर्टरसहित विस्तार भएको र अहिले विश्वभरि इन्टरनेटले लाखौं समाचार साइट र ब्लग जन्माएको बताए । प्रेस काउन्सिल नेपालका पूर्वअध्यक्ष तथा अग्रज पत्रकार भवानी बरालले प्रेस र जनप्रतिनिधिको भेट शीर्षकमा दोस्रो कार्यपत्र प्रस्तुत गर्नुहुँदै सामाजिक सञ्जाल नयाँ मिडिया र आमसञ्चारका विविध विषयमा सरल तरिकाले प्रस्तुतीकरण गरेका थिए । उनले विद्युतीय माध्यमको प्रयोगका सकारात्मक र नकारात्मक पक्षमा प्रकाश पार्नुहुँदै लोकतन्त्रको रक्षार्थ पत्रकारिता प्रभावकारी ढङ्गले उत्रनुपर्नेमा जोड दिए । युनेस्कोले सन् २०२२ मे ३ विश्व प्रेस स्वतन्त्रताका अवसरमा अगाडि सारेको थिम 'प्रविधिको घेरबन्दीमा पत्रकारिता' विषयलाई व्यापक छलफलमा लैजान आग्रहसमेत गरे । कार्यक्रममा महालक्ष्मी-६ का वडाध्यक्ष धर्म महर्जनले वडामा धेरै राम्रो काम गरेको तर पार्टी सङ्गठनले सहयोग नगरेको दुखेसो पोख्नुभयो । ललितपुर महानगरपालिका-२ का वडाध्यक्ष रविन्द्र महर्जनले आफ्नो ऐतिहासिक बस्ती खोकनाको सवलपक्षको प्रचारप्रसारमा ध्यान दिन पत्रकार तथा सञ्चारकर्मीलाई आग्रह गरे । कोन्ज्योसोम वडा नं ५ का वडाध्यक्ष विजय लामाले राजधानीको कर्णालीका रुपमा वर्षौं दुःख खेपेको बताए । उनले अहिले भारदेउ राजधानीको नजिकको पर्यटकीयस्थल रहेको बताउँदै सोकाबारेमा उजागार गर्न पत्रकारलाई आग्रह गरे । बागमती गाउँपालिका-५ इकुडोलका अध्यक्ष नवराज तिमल्सिनाले जिल्लाका हरेक पालिकाका सम्भावनालाई उजागर गर्न पालिका तहमै पुगेर जनप्रतिनिधिसँग बहस र छलफलका कार्यक्रम चलाइनुपर्नेमा जोड दिए । माओवादी केन्द्र बागमती प्रदेशका अध्यक्ष सरल सहयात्रीले वडामा बसेर बजेट निर्माण गर्ने कामलाई आफूले बजेट विनियोजन गर्ने आश्वासन र पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुहुँदै प्रेस सेन्टर ललितपुरका अध्यक्ष रामहरि कार्कीले स्थानीय तहका सूचना अधिकारीले नागरिकले मागेको सूचना सहजैरुपमा उपलब्ध गराउने परिपाटी बसाल्नुपर्ने बताए । कार्यक्रममा संविधानसभा सदस्य राजकाजी महर्जन, बागमती प्रदेशसभाका पूर्वसदस्य दिनेश महर्जन, माओवादी केन्द्र जिल्ला अध्यक्ष शिव कट्टेल, नेपाल पत्रकार महासङ्घ केन्द्रीय सदस्य रामकृष्ण अधिकारी, उपत्यका प्रदेश महासचिव टेनिस रोका, प्रेससेन्टर उपत्यका प्रदेश इञ्चार्ज निर्मल ज्ञवाली, अध्यक्ष नवराज दाहाल तथा जनप्रतितिनिधिको उपस्थिति थियो ।



> "वेबसाइट, ब्लग र सामाजिक सञ्जाल प्रयोग गरेर जनताले जनतालाई नै सूचित गर्ने अभ्यास नागरिक पत्रकारिता हो, यसको व्यवस्थित जग भने दक्षिण कोरियाबाट निर्माण भएको हो । अहिले विश्वभरि इन्टरनेटले लाखौं समाचार साइट र ब्लग जन्मिएका छन्, यसको सही प्रयोगबाट नै आइतबारको युगमा प्रभावकारीरुपमा नागरिकमैत्री पत्रकारिता गर्न सकिन्छ", दाहालले भने ।

# जापान नेपालको हितैषी मित्र : राष्ट्रपति पौडेल




टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले जापान नेपालको एक हितैषी मित्र हुनुका साथै नेपालको दिगो र भरपर्दो विकासको सहयात्री पनि भएको बताएका छन् ।

नेपाल जाइका अलमनाई एशोसियशन (जान) को ५० औं वार्षिक समारोहको आइतबार उद्धाटन गर्दै राष्ट्रपति पौडेलले नेपालको प्राविधिक क्षेत्रको जनशक्ति विकास, जलविद्युत्, शिक्षा, स्वास्थ्य, सञ्चार, सडक निर्माण, कृषि क्षेत्र र पूर्वाधार विकासलगायत क्षेत्रमा जापानले पुऱ्याएको योगदानको नेपालले सदैव उच्च मूल्याङ्कन गरेको बताए ।

"मुलुकमा भएको राजनीतिक परिवर्तनपछि सामाजिक, आर्थिक, सांस्कृतिक तथा विकासका अन्य क्षेत्रमासमेत प्रगति भइरहेको छ । यस प्रक्रियामा जापान सरकारको सहयोग र सद्भाव विगतमा जस्तै आगामी दिनमा पनि महत्वपूर्ण रहने छन्", उनले भने ।

राष्ट्रपति पौडेलले नेपाल र जापानबीच परम्परागत रुपमा सुमधुर सम्बन्ध रहँदै आएको उल्लेख गर्दै एसियाको एक समृद्धशाली प्रजातान्त्रिक मूलुक जापानले विज्ञान प्रविधिको क्षेत्रमा मात्र नभएर आर्थिक, सामाजिक तथा समग्र मानव विकासमा मारेको फड्को अनुकरणीय रहेको बताए ।

विगत छ दशकदेखि नेपाल जापानको सम्बन्धलाई जनतासम्म पुऱ्याउन, जापानमा सिकेको ज्ञान, सीप र प्रविधिलाई नेपालको विकासमा लगाउन एशोसियशनले गरेको योगदान सराहनीय रहेको राष्ट्रपति पौडेलले उल्लेख गरे ।

उनले जानले ग्रामीण क्षेत्रका जनताको जीवनस्तर उकास्न सामुदायिक विकासका क्षेत्रमा काम गरिरहेको भन्दै यस्ता कामलाई थप विस्तार गर्दै लैजानुपर्ने सुझाव दिए ।

राष्ट्रपति पौडेलले जापान सरकारले नेपाललाई गर्ने सहयोगबाट अधिकतम उपलब्धि हासिल गर्न सामुदायिक विकासका लागि गरिएका कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । उनले नेपाल जापानबीचको मित्रतालाई अझै घनिभूत बनाउन जानको भूमिका महत्वपूर्ण रहेको भन्दै जापान नेपालको भरपर्दो विकासको सहयात्री पनि भएको बताए ।

कार्यक्रममा नेपाल सरकारका मुख्यसचिव डा बैकुण्ठ अर्याल, नेपालका लागि जापानका राजदूत युताका किकुता, जाइका नेपालका प्रमुख अकिमित्सु ओकुबो, जापान नेपाल समाजका अध्यक्ष मित्सुआकी, जानका अध्यक्ष डा रामचन्द्र भुसाललगायतले नेपाल जापान सम्बन्धका बारेमा चर्चा गरेका थिए ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



काठमाडौँको प्रदर्शनीमार्गमा आइतबार मिटर ब्याज विरुद्धको न्याय मार्चमा काँधमा बच्चा बोकेर मिटर ब्याज पीडित न्याय मार्चमा सहभागी हुँदै । तस्विर :रासस

# जसपाको विभिन्न समिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टीको आसन्न महाधिवेशनको तयारीकालागि विभिन्न समितिहरु गठन गरिएको छ । पार्टीका अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा बसेको बैठकबाट आसन्न राष्ट्रिय महाधिवेशनमा प्रस्तुत हुने राजनीतिक प्रतिवेदन मस्यौदा समितिको संयोजकमा उपेन्द्र यादवको संयोजकत्वमा २१ सदस्यीय समिति गठन गरिएको छ। जसको सदस्यहरुमा, रकम चेम्जोङ,

लालबाबु राउत, प्रकाश अधिकारी, रणध्वज लिम्वु, मनिष कुमार सुमन, चन्देश्वर प्रसाद सिंह, खगेन्द्र माखिम, योगराज वनेम, विकाश तिवारी, चन्देश्वर सदा, आशा राई, चन्देश्वर पासवान, अर्जुन थापा,सुरेश मण्डल, भीम राई, राजकुमार राई, शोभा ब्रजाचार्य, प्रमिला कुमारी सिंह, के.वि. घजु र सुनी लामा रहेका छन् ।

त्यस्तै पार्टीको नीति तथा कार्यक्रम मस्यौदा समिति राजेन्द्रप्रसाद श्रेष्ठको संयोकत्वमा २३ सदस्यीय समिति गठन गरिएको छ । समितिको सदस्यहरुमा परशुराम बस्नेत,सुशीला श्रेष्ठ, राजकिशोर यादव, गोविन्द चौधरी, मृगेन्द्र कुमार सिंह यादव, शिवलाला थापा मगर, रेणु कुमारी यादव, प्रमिला यादव, डा.पुष्पराज राजकर्णिकार, नेत्र विक्रम साह, मनिकर कार्की, उर्मीला राई, प्रेम नारायण थापा, भगवती सुवेदी, कैलाश यादव, कमला विश्वकर्मा, बोम दर्लामी मगर,सुस्मिता थापा मगर, निर्मला यादव, लिला देवी सिटौला, मोहम्मद खालिद सिद्धिकी, र न्हुच्छेलाल महर्जन रहेका छन् ।

त्यस्तै विजयकुमार यादवको संयोजकत्वमा ६ सदस्यीय आर्थिक श्रोत व्यवस्थापन समिति गठन गरिएको छ । समितिको सदस्यमा

नवल किशोर साह, बलराम महतो, राजेशमान सिंह, डा.पुष्पराज राजकर्णीकार र आङदेण्डी शेर्पा रहेका छन् ।

पार्टी विधान २०८० को धारा ९७ अनुसारको केन्द्रीय विभागहरु र धारा ९९ अनुसारका पार्टी संयन्त्रहरु गठन, पुनर्गठन, अध्यावधिक र सदस्य संख्या थप गरी जिम्मेवारी वाँडफाँट गरिएको छ ।

संसदीय विभागको प्रमुखमा उपेन्द्र यादव, नवल किशोर साह, प्रदिप यादव, मो.खालिद सिद्धिकी र मञ्जु अन्सारी सदस्य रहेका छन्

त्यस्तै पार्टी स्कुल तथा प्रशिक्षण विभागको प्रमुखमा रणध्वज कन्दङ्वा रहेका छन् भने आत्माराम प्रसाद साह, मणीकर कार्की, भिम राई, विनोद प्रसाद चौधरी, सुशीला शाक्य, रञ्जु ठाकुर, दिपेन्द्र झा, सिता यादव, सुरेश मण्डल, विकाश तिवारी, अर्जुन थापा, विश्वनाथ पटेल, चन्देश्वर प्रसाद सिंह र भरत बहादुर खड्का सदस्य रहेका छन् ।

शिक्षा विभागको प्रमुखको जिम्मेवारी रेणु यादव र राधा तिमिल्सीनालाई उपप्रमुख तोकिएको छ भने चुल्हाई यादव, किरण कुमारी राय, मनोज आचार्य, हरि गोविन्द यादव, किरण कुमारी ठाकुर, त्रिपुरा झा, भिमा यादव, डा.जयप्रकाश यादव र भुदेव दाहाललाई सदस्य तोकिएको छ।

त्यस्तै श्रम रोजगार तथा सामाजिक सुरक्षा समितिको प्रमुखमा नवल किशोर साहलाई चयन गरिएको छ भने सदस्यहरुमा प्रेम राज लावती, सुनिता मोची, नेत्र बिक्रम साह, खेम नारायण यादव, रहरसिंह थिङ र कमल यादवलाई सदस्य तोकिएको छ।


बौद्धिक पेशाकर्मी तथा ट्रेड यूनियनको प्रमुखमा ईस्तियाक राईलाई चयन गरिएको छ भने जोगिलाल यादव, प्रचण्ड पौडेल, हेमन्त माण्डब्य, अर्जुन लम्साल, विन्देश्वर राय यादव, सोनाम लामा, रामबाबु प्रसाद यादव, अर्जुन श्रेष्ठ, कमन देवान, सिताराम साह, विनोद विश्वकर्मा, डा.युवराज लिम्वु, प्रेम एक्तेन, उर्मीला देवी महतो, र देव नारायण यादव सो समितिका सदस्य रहेका छन् ।

त्यस्तै उद्योग बाणिज्य तथा आपूर्तिको प्रमुखमा आङदेण्डी शेर्पा कृषी तथा भूमि व्यवस्था विभागको प्रमुखमा कृष्ण बहादुर घःजु, राज्य व्यवस्था तथा सुशासनको प्रमुखमा अशोक लगरवार, प्रचार प्रसार तथा प्रकाशन विभागको प्रमुखमा पूर्ण बहादुर बस्नेत, अमरनाथ मण्डल उपप्रमुख, पासाङ शेर्पा, देव बहादुर दुरा, विश्वासदीप तिगेला, शम्भु झा र वीणा सिन्हा सदस्य रहेका छन् ।

त्यस्तै सहकारी तथा गरिबी निवारणको प्रमुखमा उदयकान्त मिश्र,. स्वास्थ्य तथा जनसंख्याको प्रमुख डा..सुरेन्द्र प्रसाद यादव,. सांस्कृतिक विभागको प्रमुखमा जुद्ध बहादुर राई, सामाजिक सेवा तथा गैर सरकारी संस्थाको प्रमुखमा सुनी लामा,. जलश्रोत तथा उर्जाको प्रमुखमा मोहन लाल चौधरी, वन वातावरण तथा विपत व्यवस्थापनको प्रमुखमा वीरेन्द्र महतो, उपभोक्ता हित संरक्षण विभागको प्रमुखमा सुरेन्द्र कुमार जोशी, पर्यटन तथा नागरिक उडड्यनको प्रमुखमा प्रमोद साह, भौतिक पूर्वाधारको प्रमुखमा महाजन यादव,. कानून विभागको प्रमुखमा रामबाबु प्रसाद यादवलाई चयन गरिएको छ।

त्यस्तै १७ सदस्यीय संगठन विभाग गठन गरिएको छ। जस्को सदस्यहरुमा रकम चेम्जोङ, मृगेन्द्र कुमार सिंह यादव, सुशीला श्रेष्ठ, शिवलाल थापा मगर, राजकिशोर यादव, प्रकाश अधिकारी, गोविन्द चौधरी, अशेश्वर यादव, जयराम यादव, शैलेन्द्र प्रसाद साह, लाल बहादुर तामाङ, हरिनारायण यादव, दिपक कार्की, कैलाश यादव, पारस प्रसाद साह, महेन्द्र यादव र बालकिशोर यादव रहेका छन् ।

त्यस्तै ६ सदस्यीय संघीय मामिला तथा स्थानीय तह समिति गठन गरिएको छ भने योगेन्द्र राय यादव, आसमान बाइवा, रित बहादुर श्रेष्ठ, सुरेन्द्र साह र कृष्ण शंकर साह सम्मिलित युवा विद्यार्थी तथा खेलकुद समिति गठन गरिएको छ।



# खाद्य व्यवस्था कम्पनी जनकपुरधामको धान खरिद गर्ने लक्ष्य असफल

**टुडे समाचारदाता**

जनकपुरधाम। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. प्राविधिक कार्यालय जनकपुरधामको यस बर्ष धान खरीद गर्ने लक्ष्य असफल भएको छ।

संघीय सरकारको स्वमित्वमा रहेको सो प्रादेशिक कार्यालयलाई संघीय सरकारले चालु आ.ब.मा ३० हजार क्वीन्टल सोना मनसुली धान खरीद गर्ने लक्ष्य दिएकोमा मात्र ४५दशमलव ६९ क्वीन्टल धान खरिलद भएको छ । चालु आर्थिक वर्षमा एक लाख ५३ हजार ६ सय ९ रुपैया मूल्य बराबरको ४५.६९ क्वीन्टल मात्र धान खरीद गर्न सकिएकामे सो कार्यालयका निमित्त प्रमुख गंगा प्रसाद साहले बताए।

सरकारले यसवर्ष किसानसँग समर्थन मूल्य प्रति क्वीन्टल ३ हजार ६ सय ६२ मा धान खरीद गर्न भनेका थिए। तर कर्मचारीहरु किसानको खेतमै पुगेर धान किन्न नगएको, प्रचार प्रसार नगरी उल्टै निजी गल्ला व्यापारीहरुको आर्थिक प्रलोभनमा पनि लक्ष्य अनुसारको धान खरिद नभएको सोही कार्यालयका एक कर्मचारीले बताए।

तर, सरकारले तोकेको न्यूनतम समर्थन मूल्य भन्दा बजारका व्यापारीहरुले किसानसँग बढी मूल्यमा धान किन्न थालेपछि कम्पनीले लक्ष्य अनुरुपको धान किन्न नसकेको सूचना अधिकारी रामपुकार मण्डलले दावि गरे । संघीय सरकारले तोकेको लक्ष्य प्राप्ति गर्न बजार मूल्यभन्दा बढी दिएर हामीले किसानसँग धान किन्न नसकेको मण्डलले बताए।

धान किन्न सरकारी संयन्त्र किसानको खेतबारीसम्म पुग्नुपर्ने किसानहरुको भनाई छ । किसानहरुले सरकारलाई किन धान बेच्न चाहदैनन ? त्यस विषयमा सरकारलाई गम्भिर हुनुपर्ने हो, जनकपुरधाम कुर्थाका किसान ललन पण्डितले भने,' व्यापारीले दिने मूल्यभन्दा सरकारले दिने मुल्य कम भएको छ, त्यसकारण किसानको लागत पनि नउठने देखेपछि किसानले निजी व्यापारीसँग धान बेच्न वाध्य भए।'

# भवन निर्माणमा ढिलाइ भएकोप्रति असन्तुष्टि

टुडे समाचारदाता

काठमाण्डु। सङ्घीय संसद् भवन निर्माणमा भइरहेको ढिलाइप्रति प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सदस्यहरुले असन्तुष्टि जनाएका छन्। समितिको आइतबारको बैठकमा तोकिएको अवधिमा निर्माण सम्पन्न नभएको र भवन निर्माण गर्दा नेपालको मौलिकता समेत नझल्किएको भन्दै सांसदहरुले असन्तुष्टि व्यक्त गरेका हुन्।

सांसद मदनकुमारी शाहले भवन निर्माण आयोजनाको म्याद थपेर समय लम्बाउने काम मात्रै भएको, तर निर्माणमा भने उल्लेख्य प्रगति देखिन नसकेको बताए । उनले भने, "संसद् भवन निर्माणमा निकै ढिलाइ भइरहेको छ । भवनमा नेपालको मौलिकता पनि झल्किएन ।"सांसद नरपति लुवारले संसद् भवन राष्ट्रको अनुहार झल्किने ठाउँ भए पनि अहिले निर्माण भइरहेको संरचनाले नेपालको मौलिकता नझल्काएको बताए।

समितिको आइतबारको बैठकमा सन्धिुलीगढी, जर्बुटा कला केन्द्र सिन्धुली, मकवानपुरगढी तथा राष्ट्रिय सांस्कृतिक सङ्ग्रहालयको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकनसम्बन्धी प्रतिवेदन पेस भएको छ।

सिन्धुलीगढीमा जाने सिँढीयुक्त बाटो धेरै उकालो भएकाले बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री नबनेको निष्कर्ष प्रतिवेदनको छ।

त्यस्तै, गढीमा रहेको ऐतिहासिक संरचनाको संरक्षण हुन नसक्दा महत्वपूर्ण पुरातात्विक महत्व हराउँदै गएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

# दादुराविरुद्धको खोप अभियान सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले आइबारदेखि सुरु गरेको दादुर रुबेलाविरुद्धकोखोपअभियानअन्तर्गत मधेश प्रदेशका आठ जिल्लाका १९ लाख ४७ हजार एक सय ४२ जना बालबालिकालाई खोप लगाइने भएको छ।

जनकपुरधाम उपमहानगरपालिका- २३ स्थित श्रीराम लक्ष्मण राष्ट्रिय प्राथमिक विद्यालय केन्द्रबाट उपमहानगरप्रमुख मनोजकुमार साह र मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका प्रमुख डा. राजीवकुमार झाले खोप अभियानको शुभारम्भ गरेका छन्।



त्यसअवसरमा निर्देशनालय प्रमुख झाले मधेश प्रदेशका आठ जिल्लामा नौ महिनादेखि १५ वर्ष उमेर समूहका १९ लाख ४७ हजार एक सय ४२ जनालाई खोप लगाइने जानकारी दिए।

राष्ट्रिय अभियानअन्तर्गत आइतबारदेखि आगामी चैत ७ गतेसम्म प्रदेशका एक सय ३६ पालिकाका सबै एक हजार ७१ वडामा ११ हजार ३ सय ४६ केन्द्रबाट खोप लगाउने व्यवस्था गरिएको जानकारी दिए। त्यसका लागि १५ हजार पाँच सय ८४ खोप कार्यकर्ता र त्यति नै संख्यामा स्वयंसेवक परिचालन गरिएको पनि उनले बताए।

त्यस्तै, स्वास्थ्य निर्देशनालयमा १० मात्रा भएको दुई लाख ५१ हजार सात सय ९८ भाइल, २१ लाख ९४ हजार सिरिन्ज र २१ लाख ९६ हजार घोलक सिरिञ्ज नेपाल सरकारकारमार्फत प्राप्त भएको पनि जानकारी दिइयो।

अभियान सफल पार्न सरकारबाट जिल्लास्तरमा कार्यक्रम खोप कार्यक्रम सञ्चालनका निम्ति छ करोड ८९ लाख १८ हजार र स्वास्थ्य निर्देशनालयलाई कार्यक्रम गर्न दुई लाख १३ हजार नौ सय प्राप्त भएको पनि निर्देशनालयले जनाएको छ।

जनकपुरधामउपमहानगरप्रमुख साहले मधेश प्रदेशका जिल्लाहरू दादुरारुबेलाको जोखिममा रहेकाले अभियानबाट लाभ लिन नगरबासीलाई आग्रह गरे।

सरकारले सन् २०२६ सम्ममा नेपालबाट दादुरा रुवेला रोग उन्मूलन गर्ने लक्ष्यका साथ अभियान सुरु गरेकाले ढुक्कका साथ आफ्ना बालबालिकालाई नजिकको खोप केन्द्रमा लिनसमेत अनुरोध गरे।

# रामनगरले १६ गते देखि खोप अभियान सुरु गर्ने

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको रामनगर गाउपालिकाले पालिकाको ७ वटै वडाहरुमा रहेका १३ हजार ४ सय ५७ बालबालिकाहरुलाई दादुरा/रुबेला खोप लगाउने लक्षय लिएको छ।

फागुन महिनाको १६ गते देखि दादुरा/रुबेला खोप अभियान सुरु हुने सिअहेव संतोष यादवले बताएको छ। फागुन १६ गतेबाट रामनगर गाउपालिकामा रहेको ७ वटै वडा बाट दादुरा/रुबेला खोप अभियान एकै साथ सुरु गरिने रामनगर गाउपालिकाका स्वास्थ्य शाखा प्रमुख रामपुकार महतोले जानकारी दिए।

दादुरा/रूबेला खोप ९ महिना देखि १५ वर्ष सम्मका बालबालिकाहरुलाई प्रदान गरिने छ। दादुरा/रुबेला खोप फागुन १६ गते सुरु भई २२ गते सम्म सम्म सम्पन्न गरिने लक्ष्य रहेको पालिकाले जनाएको छ। खोप संचालन गर्नु पूर्व स्वास्थ्य चौकीका कर्मचारी, महिला स्वयंसेविका, शिक्षकहरुलाई तालिम प्रदान गरि सकेको रामनगर गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण कुमार यादवले जनाएको छ।

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

## राइजोवियम तथा घाँसेवाली विउ विजन प्रयोगशाला

जनकपुरधाम, धनुषा

## बोलपत्र स्वीकृतिको आशय सम्वन्धि सूचना

**सुचना नं : ०२-०८०/८१**

**प्रकाशन मितिः २०८०।११।१४**

यस कार्यालयवाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Work | Name and address of bidder | Bid amount (w/o VAT) |
|---|---|---|---|---|
| 1 | RGSL/NCB/ Works/01-080/81 | Construction of 8" dia × 171 m depth Deep Tubewell. | Pathibhara drilling udyog Biratnagar–04, Morang | 17,76,290.00 |

मधेश प्रदेश सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य निर्देशनालय

## प्रादेशिक अस्पताल मलंगवा

सर्लाही, नेपाल


## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८०/११/१४**

यस अस्पतालबाट जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित समेत मिति २०८०/०९/०५ मा प्रकाशित तपसिल बमोजिमका निर्माण कार्यका बोलपत्र आव्हान को सूचना अनुसार पर्न आएका बोलपत्रहरुको प्राविधिक मूल्याङ्कनमा सफल भई खोलिएको आर्थिक प्रस्ताव मध्ये सवै भन्दा कम मूल्य कवोल गर्ने सारभूतरुपमा प्रभावग्राही र E–bidding मार्फत बोलपत्र गरेकोले तपसिल बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतको लागि छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजन बमोजिम सम्बन्धित सवैको लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | छनौट भएको बोलपत्र दाताको नाम/ठेगाना | कबोल अकं (मू.अ.कर र PS बाहेक) | कै. |
|---|---|---|---|---|
| १ | 01/PHS/NCB/ works/2080/081–01 | M/S Suryakunda Engineers And Builders Pvt. Ltd., kathmandu | Rs. 2,52,12,441.87 | |



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# कमलामा पुल आवश्यक

धनुषा र सिरहा जिल्ला जोड्न कमला नदीमा पक्की पुल आवश्यक छ। विगतमा हरिनारायण रौनियारको पप्पु कन्सट्रक्सनले निर्माण गरेको पुल उद्घाटन हुनु केही दिन अगावै भत्किएपछि सरकारले मानिसहरुलाई आउजाउ गर्न डेढ किलोमिटर भन्दा लामो झोलुंगे पुल निर्माण गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले झोलुंगे पुलको उद्घाटन पनि गरिसकेका छन् । त्यो क्षणिक समाधान मात्र हो। पैदल यात्रुहरुका लागि झोलुंगे पुल सहारा भए पनि सवारी साधनलाई ओहरदोहर गर्न निकै कठिनाई छ। अहिले सुख्खाको मौसममा चार पांग्रे सवारी साधन सिरहा सम्म आउजाउ गरिरहेको छ। थोरै वर्षा हुँदा सवारी साधन बन्द हुनेछ। हुलाकी सडक भएर धनुषाको जनकपुरधाम र सिरहा बजारको दुरी जनकपुरधामदेखि ढल्केवरको दुरी भन्दा पनि कम नै छ। कमला पुल कट्ने बितिकै सिरहा नगरपालिका सुरु हुन्छ। जनकपुरधामदेखि ढल्केवर हुँदै चोहर्वा भएर सिरहा जाने दुरी धेरै लामो छ। हुलाकी सडक पनि कालोपत्रे भइसकेकाले एउटा पक्की पुलको निर्माण भए आमनागरिकलाई सिरहाबाट मधेश प्रदेशको राजधानी जनकपुरधाम आउजाउ गर्न अत्यन्त सहज र कम खर्चिलो हुनेछ। कमला नदीमा पुल निर्माणको बिगतमा गरिएको डिजाईन र विवादित पप्पु कन्सट्रक्सनले प्रयोग गरेको कमसल सामग्रीको कारण थोरै वर्षामा आएको बाढीले भत्किएको थियो। पुल नभत्किएको भए अर्को हप्ता उद्घाटन हुने कार्यक्रम थियो। कमला नदीमा झोलुंगे पुलले तत्काल आमनागरिकलाई राहत भएको छ।समस्याको ठोस समाधानका लागि पक्की पुल निर्माण आवश्यक छ।पक्की पुलकोपनि प्रधानमन्त्री प्रचण्डले शिलान्यास गरेका छन्।प्रधानमन्त्रीले भूमीगत समय बिताएको सिरहा र धनुषा जिल्लाको कमला नदी छेउका बासिन्दाको पीडा नजिकैबाट बुझेका छन्।उनले चाँडै नै पुल निर्माणको कामलाई पुरा गर्ने वचनपनि दिएका छन्।कमलानदीमा पुल निर्माणले सिरहा र धनुषा जिल्लाको पूर्वी भेगका बासिन्दाहरुलाई ठूलो राहत हुनेछ।पूर्वपश्चिम राजमार्गबाट पूर्व र पश्चिम जाने बाहेक सिरहा र धनुषाका बासिन्दाहरुले हुलाकी राजमार्गलाई नै प्रयोग गर्ने छन्।कमलानदीमा पुल निर्माणसँगै सिरहा जिल्लाका बासिन्दाहरुको आर्थिक गतिबिधि समेत बढनेछ।सिरहाको दक्षिणी भेगमा उत्पादन हुने कृषीजन्य उत्पादनले बजार नपाउँदा किसानहरु भारी पीडा भोग्नु परिरहेको छ।झोलुंगे पुलबाट केहि राहत भएपनि ठो समाधानका लागि पक्की पुल निर्माण नै आवश्यक छ।पक्की पुल निर्माणका लागि प्रधानमन्त्री प्रचण्डले विशेष ध्यान दिएर आवश्यक बजेट बिनियोजन गराउने विश्वास गर्नुपर्छ।

# नाभाल्नीको रहस्यमय मृत्यु र पुटिनको अनुहार

**डा. श्याम उपाध्याय**

१६ फरवरी २०२४ का दिन बिहान सबेरैदेखि अन्तर्राष्ट्रिय सञ्चार माध्यम रूसका सर्वाधिक चर्चित राजनीतिक बन्दी अलेक्सेई नाभाल्नीको निधन भएको अपुष्ट समाचारले तात्न थाल्यो। कारागार प्रशासन स्रोतबाट फुत्केको यो समाचारको मस्कोका उच्च-पदस्थ अधिकारीहरू औपचारिक रूपमा पुष्टि गर्न मानिरहेका थिएनन्।

त्यही दिनदेखि जर्मनीको म्युनिखमा सुरु भएको सुरक्षा सम्मेलनका सहभागीहरूले जारी गरेका प्रायः सबै विज्ञप्ति पनि 'यदि यो समाचार सत्य हो भने '' भन्ने वाक्यांशबाट सुरु गरिएका थिए। तर जनसमुदायमा भने समाचारको सत्यताप्रति कुनै शंका थिएन।

अपरान्हदेखि असंख्य मस्कोवासीहरू हातमा फूल र आँखामा आँसु लिएर राजनीतिक अत्याचारबाट पीडितहरूको सम्झनामा मिखाइल गोर्बाच्योभको पालामा मस्कोको मध्यभागमा स्थापित स्मारक 'सोलोभेत्स्की शिला' अगाडि लामबद्ध हुन थाले।

यस्तै दृश्य सेन्ट-पिटर्सबर्ग, निझनी-नोभगोरद, कजान, एकातेरिनबुर्ग, नोभोसिबिर्स्क लगायत अन्य कैयन शहरहरूमा पनि देखिन थाल्यो। फूल चढाउन आएका नागरिकहरू पिटिए, उनको फूल खोसेर फालियो र सैकडौं गिरफ्तार भए। रातमा आएका सुरक्षाकर्मीहरूले 'सोलोभेत्स्की शिला' र अन्य स्मारकहरूमा राखिएका सबै फूल फालिदिए। तर आगन्तुकहरूको लहर कायमै रह्यो।

भोलिपल्ट नाभाल्नीको 'अकस्मात मृत्यु' भएको भनेर सरकारी विज्ञप्ति जारी भयो, तर आफन्तलाई शव बुझाइएन र यो पंक्ति लेखिएको समयसम्म बुझाइएको छैन। कसरी एक बन्दीको मरणले तेस्रो विश्वयुद्धको बिगुल फुकेर संसारलाई सन्त्रस्त पारेको पुटिन सत्ताको नैतिक दुर्बलता उदाङ्ग गरिदियो र रुसी जनतालाई एक कठोर द्वन्द्वमा उतार्‍यो। यस आलेखमा नाभाल्नीको जीवन, मृत्यु र पुटिन सत्तासँग उनको संघर्षको संक्षिप्त विवरण पेश गरिएको छ।

**को थिए अलेक्सेई नाभाल्नी ?**

अलेक्सेई नाभाल्नी भ्रष्टाचार विरोधी आन्दोलनबाट हुर्केर रूसको लोकतान्त्रिक संघर्षमा प्रभावशाली हुँदै गएका र पुटिन सत्तालाई कडा चुनौती दिइरहेका नेता तथा सामाजिक अगुवा थिए। उनको जन्म सन् १९७६ मा मस्को नजिकैको बुटिन नाम गरेको बस्तीमा भएको थियो। सन् २००१ मा मस्कोस्थित जनमैत्री विश्वविद्यालयबाट कानुनमा डिग्री हासिल गरेपछि उनी कानुन पेशामा आबद्ध भए र केही समय बार एसोसिएसनमा पनि सक्रिय थिए।

सार्वजनिक रूपमा उनको चर्चा सन् २००४ मा सुरु भयो जब उनले मस्कोका पूर्वाधार संरचना निर्माणमा राज्यबाट भएका भ्रष्टाचारविरुद्ध आन्दोलन नै सुरु गरे। पुटिन शासनमा सरकारविरोधी गतिविधिमाथि चर्को दमन हुने, कार्यकर्ताहरू जेल पर्ने या निर्वासित हुने हुनाले भ्रष्टाचार विरोधी आन्दोलन लामो समय टिक्न सकिरहेको थिएन। तर नाभाल्नी रोकिएनन्।

उनको आन्दोलनले दिन पर दिन नयाँ शक्ति आर्जन गर्‍यो। उनी नौजवान थिए र आन्दोलनमा सामाजिक सञ्जालको प्रभावकारी प्रयोगको ज्ञान राख्दथे। सन् २००८ मा उनले आफ्नो ब्लग र सामाजिक सञ्जालका अन्य पोष्टहरू मार्फत ग्यास कम्पनी 'गाजप्रोम' र तेल कम्पनी 'रोसनेफ्त' जस्ता राज्य-संचालित विशाल निगमहरूमा भइरहेका भ्रष्टाचारको भण्डाफोर गरे।

यसै क्रममा उनले सन् २०१० मा रोस-पिल (शब्दार्थ- रुसी आरो) नामक संस्थाको स्थापना गरे जसमा योग्य कानुन व्यवसायीहरू सामेल थिए। तिनले सरकारी संस्थान र कार्यालयहरूले खरिद प्रक्रियामा गरेका चलखेलका तथ्यहरू बाहिर ल्याए र भ्रष्टाचारका कतिपय काण्डहरूमाथि अदालतमा मुद्दा दायर गरे।


नाभाल्नीको भ्रष्टाचार विरोधी आन्दोलन त्यसबेला चरमोत्कर्षमा पुग्यो जतिबेला उनले पुटिन स्वयंले गरेका भ्रष्टाचार र राज्य कोषको अपचलनबाट कमाएको धनबाट बनाइएका दरबारहरूबारे खोजपूर्ण फिल्म यु-ट्युबबाट सार्वजनिक गरे। रुसी भाषामा बनाइएको 'पुटिन दरबार - विश्वको सर्वाधिक ठूलो घुसखोरीको कथा' (Putin's palace: The story of the world's biggest bribe) नामक सो फिल्म झण्डै १५ करोड दर्शकहरूले हेरेका थिए।

नाभाल्नीको राजनीतिक जीवन सन् २००० मा संयुक्त लोकतान्त्रिक दल 'याब्लोको' प्रवेशबाट सुरु भएको थियो। सन् २००५ देखि उनले 'लोकतान्त्रिक विकल्प' नामको युवा आन्दोलन सुरु गरे र धेरै यस्ता धेरै कार्यक्रम चलाए जसको उद्देश्य युवाहरूमाझ राजनीतिक बहस चलाउनु र उनीहरूको राजनीतिक ज्ञान र जागरण बढाउनु थियो। नाभाल्नीले ती बहसलाई सरकारी टिभीमा प्रसारण गर्ने व्यवस्था पनि मिलाएका थिए र दर्शकहरूबाट उच्च मूल्याङ्कन पनि भएको थियो। तर 'माथिको आदेश' बाट कार्यक्रम रोकियो।

उनको राजनीतिक सक्रियता सन् २०११ मा सम्पन्न संसदीय निर्वाचनमा सत्ताले मच्चाएको व्यापक धाँधलीको विरोधमा पुनः तीव्र भयो। सन् २०१३ मा उनी मस्कोको मेयर पदको चुनाव लडे र सत्तापक्षको व्यापक धाँधलीका बावजुद २७ प्रतिशत मत प्राप्त गरे। उनको राजनीतिक सक्रियता र जनसमर्थन बढ्दै गएको देखेर हतोत्साहित भएको पुटिन सत्ताले कुनै बेला एक सरकारी टिम्बर कारखानामा काम गर्दा हिसाब गोलमाल गरेको आरोपमा उनलाई गिरफ्तार गर्‍यो र मुद्दा चलायो।

अदालतले सुरुमा पाँच वर्षको सजाय सुनाएको थियो तर पुनरावेदनपछि उनी रिहा भए। सन् २०१६ मा नाभाल्नीले २०१८ मा हुने राष्ट्रपति निर्वाचनमा पुटिनविरुद्ध उम्मेदवारी दिने घोषणा गरे। तर सत्ताले उनको पुरानो मुद्दा ब्युँताएर पुनः अदालती कारबाही सुरु गर्‍यो र निर्वाचनमा उनको उम्मेदवारीमाथि रोक लगायो।

सन् २०२० मा साइबेरियाको तोम्स्क शहरको एक कार्यक्रम सकेर मस्को फर्कंदा उडानको समयमा उनी अचानक अस्वस्थ भए र जहाज अवतरण गरियो। प्राथमिक उपचारको क्रममा उनलाई झुक्याएर विष दिएको शंका लागेकोले थप उपचारको लागि बर्लिन पुर्‍याइयो। जर्मन डाक्टरहरूले नाभाल्नीलाई पहिला पनि पुटिन सत्ताले दुश्मन ठानेका व्यक्तिहरूको हत्या गर्न प्रयोग गरेको ' नोभिचोक' नामक विषाक्त रसायन दिइएको पुष्टी गरे। यो विषले सिधै स्नायु प्रणालीमा आघात पुर्‍याउँछ र पीडितको मृत्यु हुनसक्छ।



तर समयमै जर्मनीका विशिष्ट विशेषज्ञहरूबाट पाएको उपचार र अपार इच्छा शक्तिले गर्दा नाभाल्नी बाँच्न सफल भए र उपचारपछि मस्को फर्के। उनलाई विमानस्थलमा नै पक्राउ गरियो। नजरबन्द भएपछि उनले संचालन गर्दै आएको भ्रष्टाचार विरोधी संस्थालाई 'उग्रवादी संगठन', 'अवाञ्छित संस्था' र 'विदेशी एजेन्ट' घोषणा गरी त्यसको गतिविधिमाथि रोक लगाइयो।

साथसाथै नाभाल्नीलाई दिइएको सजाय पनि सुरुको अढाई वर्षको सामान्य नजरबन्दीबाट पटकपटक थपेर कडा परिश्रमसहितको तीस वर्षको कालकोठरीसम्म पुर्‍याइयो जसमध्ये बीस वर्ष सत्ताको पूर्व स्वीकृती नलिई जुलुसमा भाग लिए बापत थियो।

मरणोपरान्त नाभाल्नी र उनको परिवारप्रति सहानुभूती जनाउँदै पश्चिमी मुलुकहरूमा दमन र अत्याचारसँग जुधिरहेका रुसी जनतासँग अपार ऐक्यबद्धताको लहर देखिए पनि जीवनकालमा पश्चिमसँग उनको सम्बन्ध सहज थिएन। नाभाल्नी एक देशभक्त र राष्ट्रवादी भएकाले उनको चिन्तन पश्चिमी स्वार्थकेन्द्रहरूसँग टकरावमा थियो। उनी के कुरामा विश्वस्त थिए भने पुटिन सत्ताले गरेको भ्रष्टाचारको मुख्य फाइदा रूसमा लगानी गरेका ठूला कम्पनीहरूले लिइरहेका थिए।

वास्तवमा नाभाल्नीमाथि हिसाब गोलमाल गरेको आरोप लगाउनमा फ्रान्सको कस्मेटिक कम्पनी एभ रोशेको रुसी शाखाको हात थियो। एक अर्को घटनामा मध्य एशियाबाट गैरकानुनी रूपमा रूस छिरेका आप्रवासीहरूको सम्बन्धमा उनले धेरै अगाडि दिएको प्रतिक्रियालाई हवाला दिएर एम्नेष्टी इन्टरनेशनलले नाभाल्नीलाई दिँदै आएको आस्थाको बन्दीको सम्मान फिर्ता गरेको थियो। तर नाभाल्नी बाह्य प्रतिक्रियाभन्दा आफ्नो आस्था र स्वविवेकले काम गर्थे।

यसैकारण उनी लाखौंको संख्यामा जनता परिचालन गर्न सक्थे जुन योग्यता रूसका अन्य विपक्षी नेताहरूमा थिएन र आजसम्म पनि देखिएको छैन। नाभाल्नीलाई राजनीतिक परिदृष्यबाट हटाउन पुटिनले गरेका यावत षड्यन्त्रको कारण पनि यही हो।

**नाभाल्नीको मृत्युः भवितव्य या कर्तव्य**

मृत्युको खबर आएको एक दिन अघि सार्वजनिक भएको भिडियोमा नाभाल्नीले अनलाइन सेवा मार्फत अदालतलाई दिएको बयान देखाइएको थियो। भिडियोमा उनी स्वस्थ्य र न्यायाधीशसँग ठट्टा गरेर हाँसिरहेको देखिन्थे। भोलिपल्ट नै उनको मृत्यु भएको खबर पत्याउनै गाह्रो भइरहेको थियो।

खोज पत्रकारितामा नोबेल पुरस्कार जितेका दमित्री मुरातोभद्वारा सम्पादित रुसी समाचारपत्र 'नोभाया गजेता' को युरोपेली संस्करणका संवाददाताहरूले गोप्य रूपमा कारागारका अज्ञात बन्दीबाट संकलन गरेको सूचना अनुसार नोभाल्नीको मृत्यु अघिल्लो दिन १५ फेब्रुअरीमै भएको थियो।

सो साँझ जेलका कोठरीहरू चाँडै नै तालाबन्द गरेर कैदीहरूलाई निस्कन दिइएको थिएन र कर्मचारीहरूको व्यवहार असामान्य थियो। साँझ बाहिरबाट ठूला गाडीहरू आएको आवाज सुनिन्थ्यो। भोलिपल्ट बिहान सबेरै नोभाल्नीको विषयमा जेलभित्र खासखुस हुन थालेको थियो।

सरकारी विज्ञप्तिमा जनाइए अनुसार उनी घुम्दा लडेको, एम्बुलेन्स आएको जस्ता कुनै पनि कुरा सत्य नभएको सो स्रोतले जनाएको छ। यो विवरण प्रकाशित भएपछि नोभाल्नीको मृत्यु सम्बन्धमा सरकारले झूट बोलिरहेको र वास्तवमा उनको रहस्यमय ढंगले हत्या भएको विश्वास बढ्दै गएको छ।

पुटिन शासनमा राजनीतिक हत्या शृंखलाबद्ध रूपमा हुँदै आएको छ। इतिहासकारहरूले जनाए अनुसार स्टालिनको शेषपछि आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूको हत्याको संख्याले पुटिन एक नम्बरमा पुगेका छन्।

नोभाल्नीलाई कर्तव्य गरेर मारिएको कुरा पुटिन सत्ताकै गतिविधिहरूले पुष्टि गर्दै आएको छ। पहिलो कुरा त बाह्य विश्वले थाहा नपाओस् भनेर उनलाई दुई महिना अघि मात्र मस्कोको सेरोफेरोबाट आफन्त, पत्रकार र मानवअधिकारकर्मी कोही भेट्न जान नसक्ने उत्तरी ध्रुवको दूरदराजको जेलमा सहारिएको थियो। त्यसै बेला उनको हत्याको योजना बनिसकेको हुनुपर्छ।

दोस्रो, भवितव्यबाट मरेको भए जेल प्रशासनलाई बन्दीको शव नातेदारलाई दिन कुनै समस्या हुनुपर्ने थिएन। मृतक भेट्न बोलाइएकोले नोभाल्नीकी आमा ल्युदमिला नोभाल्नाया कानुनी सल्लाहकार सहित अधिकारीहरूले दिएको ठेगाना अनुसार शवगृह पुगेकी थिइन्। तर त्यसैबीच 'माथिबाट' नदिनू भन्ने आदेश आएकोले शव छैन भनेर उनलाई फिर्ता गरियो।

पुत्रशोकको पीडाले छटपटिएकी आमाले सिधै पुटिनलाई 'मेरो छोरा देऊ' भनेर गरेको याचनाको उत्तर दिन असक्षम शासकको नियतमाथि थप टिप्पणी आवश्यक नहोला। उनी न्याय माग्दै अदालत पुगिन् तर अदालतले पनि उनको सुनुवाइको मिति दुई हप्ता पछि तोक्यो। चिकित्सकहरू र रसायन विष नोभिचोकका जानकारहरू अनुसार सम्भवत उनलाई पुनः विष दिएर मारिएको थियो र शरीरबाट त्यो विषको अवशेष रहँदासम्म शव दिइने छैन। वास्तवमा नाभाल्नीको जीवनका अन्तिम क्षणहरू उनको परिवार र जनसमुदायको लागि सदाको लागि एक रहस्य बनेर रहिरहने खतरा ठूलो छ।

**राजनीतिक हत्याको शृंखलामा अब को ?**

पुटिन शासनमा राजनीतिक हत्या शृंखलाबद्ध रूपमा हुँदै आएको छ। इतिहासकारहरूले जनाए अनुसार स्टालिनको शेषपछि आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूको हत्याको संख्याले पुटिन एक नम्बरमा पुगेका छन्। यो क्रम पुटिनको पहिलो कार्यकाल भित्रै सोभियत तथा रुसी पत्रकार तथा उदारवादी विचारक युरी श्यकोचिखिनको रहस्यमय मृत्युबाट सन् २००३ मा नै सुरु भएको थियो।

उनले आफ्नो अन्तिम पुस्तक - 'बीसौं शताब्दीमा केजीबीका दासहरू' मा सो संस्थामा काम गर्ने एजेण्टहरूले आफन्त र इष्टमित्रहरूलाई धोका दिएका कारण तिनले भोग्नुपरेका असंख्य पीडाको वर्णन गरेका थिए। उनलाई विष दिएर हत्या गरिएको विश्वास छ।

त्यसैवर्ष सेनाका पूर्व कर्णेल तथा मिलनसार उदारवादी सांसद सेर्गेइ युशेन्कोभको उनकै घरअगाडि गोली हानी हत्या गरियो। त्यसको केही वर्षमै समाचारपत्र 'नोभाया गजेता' की खोज पत्रकार तथा चर्चित पुस्तक 'पुटिनको रूस' की लेखिका आन्ना पोलित्कोभ्सकायाको हत्या भयो। विगत २४ वर्षको पुटिन शासनकालमा सो समाचार पत्रसँग सम्बद्ध मात्रै सात जना पत्रकारहरूको हत्या भइसकेको छ।

यस शृंखलामा सर्वाधिक उल्लेखनीय घटना सन् २०१५ को उदारवादी लोकतान्त्रिक नेता बोरिस नेम्त्सोभको हत्या थियो जो क्रेमलिनबाट एक सय मिटरको दूरीमा गोली प्रहारबाट मारिएका थिए। उनी राष्ट्रपति पदको अर्को निर्वाचनमा प्रतिपक्षबाट सम्भावित सर्वसम्मत उम्मेदवार मानिन्थे। युक्रेनको क्राइमिया कब्जा गरेकोमा उनी पुटिनको कडा आलोचना गर्दथे।

यसरी नै युक्रेनप्रति पुटिनको आक्रामक नीतिको विरोध गरेकोमा सन् २०१७ मा रुसी कम्युनिष्ट पार्टीका नेता देनिस भोरोनेन्कोभको हत्या भयो। आफ्नो विचार वापत ज्यान खतरामा परेको ठानेर रूसबाट भागेर उनी युक्रेनमा शरण लिन गएका थिए तर पुटिनका एजेन्टले गोली हानी कीभमा नै उनको हत्या गरे। यो संख्या सैकडौं भएकोले यहाँ सबै नाम उल्लेख गर्न संभव छैन। त्यसमा पनि कति मारिइसके भन्दा अझै कति मारिने हुन् भन्ने चिन्ताले अहिले जनमानसलाई छोपेको छ।


यस प्रसंगमा दुई मुख्य राजनीतिक बन्दी भ्लादिमिर कारामुर्जा र इल्या याशिनको नाम लिने गरिएको छ। कारा-मुर्जा युक्रेनमा पुटिन सत्ताको अतिक्रमणको भर्त्सना गरेबापत २५ वर्षको जेल सजाय भोगिरहेका छन्। यस अघि नै दुई पटक विष दिएर उनको हत्या गर्ने प्रयास भइसकेको थियो। इल्या याशिन युक्रेनमा रुसी सैन्य अपराधविरुद्ध आफ्नो ब्लगमा लेखे बापत आठ वर्षको लागि बन्दी बनाइएका छन्। तर रूसभरि हजारौंको संख्यामा रहेका राजनीतिक बन्दी मध्ये के थाहा पुटिन सत्ता कसलाई पहिला बलि चढाउन चाहन्छ!

**नाभाल्नीको अन्तिम सन्देश**

जर्मनीमा उपचार गरेर निको भएपछि धेरै शुभचिन्तकहरूले नाभाल्नीलाई रूस नफर्कन सल्लाह दिएका थिए। उनलाई पनि मारिने संभावनाको ज्ञान थियो। तर विदेशको सुखसुविधाको जीवनभन्दा उनले मातृभूमि र संघर्ष रोजे। शहीद त्यो हो जो जीवनको विकल्प हुँदाहुँदै आफ्नो आस्था र ध्येयको लागि मृत्युवरण गर्न तयार हुन्छ। नाभाल्नीले आफ्नो मातृभूमि र आस्थाको लागि जीवन बलिदान गरे।

नाभाल्नीले छोडेको एक मर्मस्पर्शी भिडियो सन्देश उनको मरणोपरान्त सञ्चार माध्यम र सामाजिक सञ्जालमा व्यापक भएको छ। सो सन्देशमा उनले भनेका छन् 'यदि उनीहरूले मलाई मारेछन् भने त्यो हाम्रो असाधारण शक्तिको क्षण हुनेछ। त्यसैले म मर्दैमा हार नमान्नू।' युद्धोन्माद र दानवीय चिन्तनले ग्रस्त तानाशाहको कठोर शासनको छायाँमा सम्हालिन र एक हुन नसकेको रुसी लोकतान्त्रिक शक्तिलाई यस सन्देशले प्रेरणा र नैतिक बल प्रदान गर्ने आशा गर्दै रुसी लोकतन्त्रका बलिदानी व्यक्तित्व अलेक्सेई नाभाल्नीप्रति हार्दिक श्रद्धासुमन!

# 'कम्युनिस्ट पार्टीभित्र नयाँ विलासी वर्गको उदय भयो'



**चन्द्रदेव जोशी**

नेपालमा कतिपय राजनीतिज्ञले कम्युनिस्ट पार्टीको नाममा दल दर्ता गरेर सञ्चालन गरिरहेका छन्। तर पार्टी दर्ता हुनु एउटा कुरा हो, नाम अनुसारको चरित्र छ कि छैन भन्नु अर्को कुरा हो। यसरी हेर्दा वास्तविकता अर्कै देखिन्छ।

२००७ सालमा जुन आधार र उद्देश्यले जसका लागि कम्युनिस्टहरू जन्मिएका थिए आज हामी त्योभन्दा निकै फरक अवस्थामा आइसकेका छौं। दलले लिएको बाटो, नैतिकता आदिका आधारमा हेर्ने हो भने जे आधारमा जसका लागि कम्युनिस्टहरू जन्मिएका थिए, त्यो आज छैन। आज धेरै पार्टीका नाम कम्युनिस्ट छन् तर त्यस अनुसार नैतिकता, आदर्श, चरित्रसँग कुनै साइनो-सम्बन्ध रहेन।

श्रमजीवी जनता, मजदुर, सर्वहारा वर्ग, कलकारखानामा काम गर्नेहरूको शोषक भएकाले उनीहरूको पनि भविष्य सुरक्षित हुनुपर्छ भनेर कम्युनिस्टहरूको जन्म भएको हो। संसारमा सर्वहारा मानवजातिको राज्यसत्ता हुनुपर्छ भनेर अघि बढ्नु कम्युनिस्टहरूको आदर्श हो।तर अहिले यो कोणबाट हेर्ने हो भने नाममा कम्युनिस्ट भए पनि व्यवहारमा कम्युनिस्ट पार्टी रहेनन्। मार्क्सवादी सिद्धान्तका आधारमा हेर्दा उनीहरू त्यो सिद्धान्तबाट धेरै टाढा पुगे।

यद्यपि मार्क्सवाद कुनै अपरिवर्तनीय दृष्टिकोण होइन, परिवर्तनको दर्शन हो। चेतना, संस्कृति, संस्कार, मानिसको मनोवृत्ति, समाजको बनोट सबै परिवर्तनीय हुन्छन् भन्ने मार्क्सवादी दर्शनको मूल मान्यता हो। मार्क्सले आफ्नो जमानामा जुन समाज देखेका थिए, त्यसका विश्वव्यापी मान्यताहरूबाट समाज परिवर्तनको दिशा, सामाजिक मनोविज्ञान, विकासको अवस्थाले नयाँ परिस्थिति उत्पन्न हुन्छ भन्ने मार्गदर्शन गराएका हुन्।

त्यस अनुसार आफूलाई ढाल्दै संसारमा शोषणविहीन र वर्गविहीन समाजका लागि काम गर्ने भन्ने यो सिद्धान्तको उद्देश्य हो। उनले त्यसका लागि आ-आफ्नो समयको परिस्थिति अनुसार परिवर्तन हुनुपर्छ भनेका थिए।

तर, अहिले धेरैजसो कम्युनिस्टहरू सत्तामा पुगेका छन्। नेपालमा कम्युनिस्टहरूले दुई तिहाइ बहुमत पनि ल्याए, पटक-पटक प्रधानमन्त्री बने। तर अहिलेका कम्युनिस्ट पार्टीको नेतृत्वमा शोषित पीडित वर्गको उत्थान अनि शोषणविहीन समाजको निर्माणको हुटहुटी कतै देखिँदैन। बरु उनीहरूले कसरी शोषणको आधुनिकीकरण गर्ने भनेर काम गरे।

अहिले त कम्युनिस्टहरूले समाजका जुन कमि-कमजोरी थिए त्यसैलाई उपयोग गरेर शोषणका नयाँ तौरतरिकाहरू पहिल्याए। अहिले सबभन्दा धनी र विलासी वर्ग कोही छ भने त्यो सत्ताधारी कम्युनिस्ट पार्टीको जमात छ।

कम्युनिष्टहरूले शोषण र उत्पीडनको अन्त्यका लागि आफूलाई भोट माग्छन्, तर भोटको माध्यमबाट शोषितहरूलाई नै थप शोषण गरिरहेका छन्। उनीहरू नाममा कम्युनिस्ट जोड्न सक्छन्, त्यसको सदस्यता लिनेहरू आफूलाई कम्युनिस्ट भनेर चिनाउन सक्छन्। तर कम्युनिस्ट पार्टी र सिद्धान्तसँग साइनो नभएको नवसामन्त र शोषकहरूको जमात उत्पादन भइरहेको छ। त्यसैको वितृष्णा अहिले समाजमा देखिइरहेको छ।कम्युनिस्ट आदर्शका लागि काम गरिरहेकाहरूलाई अहिलेको बहाव र भ्रष्टाचारको दलदलबाट उठ्न अति नै कठिन भइरहेको छ। समाज भ्रष्टहरूको पकडमा गयो, नयाँ जन्मिएको जमात केही गर्नै नसक्ने भयो। जहाँबाट आफ्नो मात्रै हित हुन्छ उनीहरू त्यता जान थाले।

कम्युनिस्ट भएर तर मार्न सकिन्छ भने कम्युनिस्ट हुने, कांग्रेसमा ठाउँ पाउँदा कांग्रेसमा लाग्ने र त्यहाँ पनि भएन भने अरू विकल्पमा जान थाले। त्यो पनि नसक्नेहरू आफैं कम्युनिस्ट नाम थपेर पार्टी पनि खोलिरहेका छन्। अहिलेको अवस्थामा किन कम्युनिस्ट पार्टी धेरै भए भन्ने प्रश्न छ।

आदर्श दृष्टिकोण लिएर कम्युनिस्ट पार्टी खोलेकाहरू विद्यमान ठूला पार्टीका नेताबाट असन्तुष्ट भएर हिंडेकाहरू छन्। उनीहरू समाजको परिवर्तनको लागि काम गर्न खोजिरहेका छन्। तर, वैचारिक रूपमा तयार हुन सकेनन्। विद्रोहको भावना बोकेर मात्रै उनीहरू छुट्टिएर कम्युनिस्ट पार्टी गठन गरेर बसेका छन्।

कतिपय कम्युनिस्ट हुँ भनेर आएका छन्, तर केही गर्न सकिरहेका छैनन्। विद्रोह गरे, तर आफैं बाटो ठम्याउन सक्ने, वैचारिक धरातल निर्माण गर्ने आधार उनीहरूको छैन। त्यही भएर कहिले कता, कहिले कता गइरहेका छन्।अहिले जति पनि कम्युनिस्ट पार्टी छन् ती निम्न पूँजीवादी मनोविज्ञानबाट गुज्रिरहेका छन्। म नै अगुवा बन्नुपर्छ, मलाई नै मार्क्स मान्नुपर्छ, मलाई नै माओ र लेनिन जस्तो मानिनुपर्छ भन्ने मनोवृत्तिले एउटै पार्टीमा रहेकाहरूका बीचमा द्वन्द्व सिर्जना भइरहेको छ।

अहिले व्यक्तिगत टकरावका कारण एउटा कम्युनिस्टले भन्दा अर्कोले बढी क्रान्तिकारी नारा दिएर आउनुपर्ने परिस्थिति छ, समाजमा पनि त्यस्तैको बाहुल्य छ। म नेता भएँ भने अर्थोपार्जन गर्न सक्छु भन्ने नवधनाढ्य बन्ने आकांक्षाले पनि काम गरिरहेको देखिन्छ।

उनीहरूले मार्क्सवादको आधारमा टेकेर नेपाल र विश्वको समाज अन्तरघुलन हुने वैचारिकीमा काम गर्न सकेनन्। विश्व समाज कहाँ पुगिसक्यो, मानव समाजको विकासले धेरै नै प्रगति गरिसक्यो। तर हाम्रोमा एउटा मात्रै कम्युनिस्ट पार्टी हुनुपर्छ भनेर समेत बहस गर्छन्।

हाम्रो अहिलेको यो अडान बहुलवादभन्दा पछाडि जान्छु र म टिक्छु भन्ने कुरा जडसूत्रवादी धारणा हो। किनभने, राजनीति भनेको समाजका लागि गर्ने हो। समाजका विभिन्न आयाम छन्। जता पनि हेर्ने हो भने वैचारिक स्वतन्त्रताको पक्षमा धेरै वकालत भइरहेको छ। समाजमा विकसित, समतामूलक समाज निर्माण गर्नका लागि वैचारिक स्वतन्त्रता हो।

यो समाज सधैं यस्तै रहँदैन। समाजमा २००७ सालदेखि यता परिवर्तनका उतारचढाव धेरै भए। नयाँ चिन्तन विकास भयो, युवाहरू आए। उनीहरूले बाटो पाएनन्, विद्रोह गरे। अहिले फेरि संक्रमण आइरहेको छ।यही संक्रमणबाट पुनः लोककल्याणकारी समाजको निर्माण गर्नुपर्छ भनेर कोही न कोही अगाडि आउनै पर्छ। त्यसले नयाँ अवस्थामा आजको विश्व परिस्थितिमा मार्क्सवादलाई व्यावहारिक रूप दिएर समाजवादको बाटो कसरी समात्ने भन्ने चिन्तन भएको वर्ग निस्किनुपर्छ।

अहिले धन र बलको जगमा विकृति फैलिएकाले नेपाली समाज अघि बढ्न सकिरहेको छैन। आम मतदातामा कहाँबाट आफ्नो सन्तानको भविष्य सुरक्षित गर्न सकिन्छ भनेर भोट दिइरहेको अवस्था छ। श्रमजीवी जनता भ्रममा छन्।

आफ्नो मुक्ति कसैको हातमा छैन, आफैंले गर्नुपर्छ भन्ने मार्क्सवादी चिन्तनबाट कैयौं कम्युनिस्ट भनिनेहरू विचलित भए। कोही चलाख भएर शोषणको बाटोबाट कम्युनिस्ट पार्टीमा लागेका छन्। त्यसबाट पनि केही हुन्न भन्ने मान्यता राख्नेहरू आफैं पार्टी खोल्न थाले। जसका कारण कम्युनिस्ट पार्टीको संख्या बढेको देखिन्छ।

यस्तो अवस्था आउनु भनेको देश वैचारिक, सामाजिक, आर्थिक रूपमा संक्रमणकालमा छ भन्ने संकेत पनि हो। यसबाट नयाँ जागरण युगमा जान नयाँ बहसको जरूरी हुन्छ। केही बौद्धिक चिन्तकहरू अघि सरेको देख्न सकिन्छ। तर जोसँग अपेक्षा गर्यो उही खराब निस्केपछि निराशा पैदा भएको छ। तर यो परिस्थिति लामो समय रहँदैन, समाज अगाडि बढ्छ, यहीं रोकिँदैन।

मैले धेरै पहिलेदेखि यसमा प्रयास गरेको हुँ। आ-आफ्नो पार्टीमा रहेर पनि त्यहाँभित्रका बौद्धिकहरूले कम्युनिस्ट आन्दोलनको शुद्धीकरणका लागि काम गर्न सकिन्छ भनेको थिएँ। राजनीतिक हिसाबले जुनसुकै पार्टी विभाजित भए पनि वैचारिक हिसाबले काम गर्ने हो भने हामी सबै भोलि एकठाउँमा हुन सक्छौं।

# गण्डकी धार्मिक पर्यटकीय सम्भावनाको प्रदेश रहेको मुख्यमन्त्री पाण्डेको भनाइ



**टुडे समाचारदाता**

ढोरपाटन । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश धार्मिक पर्यटनका हिसाबले महत्वपूर्ण गन्तव्य रहेको बताएका छन् ।

बागलुङको सर्वसिद्धीधाम पञ्चकोटमा जारी अनन्तश्री ब्राह्माण्डीय महायज्ञको पाँचौं दिनको कार्यक्रममा आइतबार उनले सम्बोधन गर्दै मुक्तिनाथ, कालीगण्डकी, देवघाट, त्रिवेणीधाम, दामोदरकण्ड जस्ता प्रसिद्ध धार्मिकस्थलहरु रहेका र पछिल्लो समय पञ्चकोट पनि एक धार्मिक गन्तव्यका रुपमा विकास भइरहेको बताए । उनले भने, "अझै पनि यहाँ कैयौं सुप्रसिद्ध धार्मिक तथा सांस्कृतिक गन्तव्य छन्, तिनको आवश्यक प्रचारप्रसार गरी धार्मिक एवं सांस्कृतिक पर्यटनको विकास गर्नुपर्छ ।"

उनले धार्मिक तथा पर्यटकीय हिसाबले यस प्रदेशमा धेरै सम्भावना रहेकाले धार्मिक पर्यटनमार्फत समृद्ध हासिल गर्न सकिने बताए । मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशलाई पर्यटकीय केन्द्र बनाउनका लागि निरन्तर काम भइरहेको भन्दै अब धार्मिकस्थलसँग पर्यटकलाई जोड्न त्रिवेणीधामदेखि मुक्तिनाथसम्मका विभिन्न स्थानमा धार्मिक संरचना निर्माण गर्ने बताए ।

सो अवसरमा पञ्चकोटधामका संस्थापक मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यले मुख्यमन्त्री एवम् मन्त्रीहरुलाई स्वागत गरेका थिए । स्वामी कमलनयनाचार्यले मुख्यमन्त्रीमार्फत गण्डकी प्रदेश सरकारसमक्ष पञ्चकोटमा निर्माणाधीन धार्मिक संरचनाहरुको पूर्णताका लागि सहयोगको अपेक्षा गरिएको बताएका थिए ।

त्यसपछि मुख्यमन्त्री पाण्डेले पञ्चकोटको विकासका लागि प्रदेश सरकारले निरन्तर सहयोग गर्दै जाने प्रतिबद्धता पनि व्यक्त गरे । यही फागुन ९ गतेदेखि सुरु भएको अनन्तश्री ब्राह्माण्डीय महायज्ञमा हरेक दिन विभिन्न विषयका सम्मेलनहरु भइरहेका छन् । यसअन्तर्गत आइतबार पञ्चकोटमा प्रादेशिक राजनीति र सुशासन सम्मेलन आयोजना गरिएको थियो ।

त्यस सम्मेलनलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले सुशासनलाई पहिलो प्राथमिकता राखेको बताएका हुन् । जनतालाई सुशासनको अनुभूति दिलाइ सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सरकार लागिपरेको समेत उल्लेख गरे । त्यसअवसरमा प्रदेश सरकार मन्त्रीहरु दीपेन्द्र थापा, सुशीला सिम्खडा र सरस्वती अर्याल तिवारीलगायतको सहभागिता थियो । महायज्ञमा नेपाली कांग्रेस गण्डकी प्रदेश संसदीय दलकातर्फबाट मुख्यमन्त्री पाण्डेले रु दुई लाख ७५ हजार पाँच सय ५५ सहयोग गर्ने घोषणा गरे ।

# प्रतिनिधिसभा बैठकमा विविध विषयमा ध्यानाकर्षण

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभाको आइतबारको बैठकमा विशेष समयमा सांसदहरुले विविध विषयमा संसद्मार्फत सरकारको ध्यानाकर्षण गराएका छन् ।



आइतबारको बैठकमा सांसद रामहरि खतिवडाले राजनीतिक नियुक्ति र भागबण्डाका कारण सरकारी संस्थान तथा निकायहरु समस्याग्रस्त बन्दै गएको बताए । नेपाल वायुसेवा निगममा सरकारले करिब रु ३१ अर्ब बराबर लगानी गरेको र हाल रु ४८ अर्ब घाटामा रहेको उल्लेख गर्दै निगमको आर्थिक अवस्था सुधारका लागि पहल गरिनुपर्ने माग गरे । निगमका कर्मचारी व्यवस्थापनमा पनि समस्या रहेको उनको भनाइ थियो । नयाँ जहाज किन्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तयारी गरिरहेको तर बिग्रिएर थन्किएका जहाज मर्मतसम्भारमा भने उदासिनता देखाएको सांसद खतिवडाले बताए ।

सांसद भीमप्रसाद आचार्यले पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल व्यवस्थापनको विषय संसद्मा उठाए । पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि निजी क्षेत्रलाई जिम्मा लगाउने तयारी भइरहेकोमा संसद्को ध्यानाकर्षण गराए । त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल सञ्चालनको जिम्मा निजी क्षेत्रलाई दिन नहुने उनको भनाइ थियो । नेपालमा बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउनका लागि विमानस्थल सञ्चालनसँग सम्बन्धित हवाई मार्ग, 'ग्राउन्ड ह्यान्डलिङ' र थप अन्य देशसँग हवाई सम्झौतालगायतका विषयलाई सरकारले गम्भीर रुपमा लिनुपर्ने उनले बताए ।

सांसद माधव सापकोटाले नेपालको संविधानले व्यवस्था गरेको सार्वभौमसत्ता सम्पन्न संसद् र संसदीय व्यवस्थाको विकल्प खोज्न नसकिने बताए । नेपालले अवलम्वन गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाभन्दा बाहिर गएर गरिने क्रियाकलाप संविधान विपरीत हुने सांसद सापकोटाको भनाइ छ । जलवायु परिवर्तनसँग सम्बन्धित मुद्दालाई गम्भीर रुपमा लिइनुपर्नेमा उनले जोड दिए । जलवायु परिवर्तनका कारण सिर्जित समस्याले नेपालको हिमाली क्षेत्रमा ठूलो असर देखिएको उल्लेख गर्दै उनले यस्ता जोखिम न्यूनीकरणका लागि पहल गरिनुपर्ने बताए ।

सांसद मनिष झाले मिटरब्याजपीडितका समस्या समाधानका लागि सरकार गम्भीर हुन नसकेको आरोप लगाए । तराईका जिल्लामा इन्धनका रुपमा गुइँठाको प्रयोग गर्दा त्यहाँका महिलाको औसत आयु घटेको विषयमा संसद्को ध्यानाकर्षण गरे । तराईका जिल्लामा इन्धनको स्रोतका रुपमा करिब १० प्रतिशत गुइँठाको प्रयोग हुने गरेको देखिएको उनको भनाइ छ । नेपालको शिक्षा प्रणालीमा सुधारको आवश्यकता रहेको विषय पनि सांसद झाले संसद्मा उठान गरे ।

सांसद ज्ञानबहादुर शाहीले गत पुस १३ गते ललितपुरको बालकुमारी क्षेत्रमा इपिएस कोरियाका विद्यार्थीले गरेको आन्दोलनका क्रममा दुईजनाको मृत्यु भएको विषयमा सरकार गम्भीर हुन नसकेको आरोप लगाए । संसद्मा फरक धारणा र फरक विचार राख्न पाउने अधिकार संविधानले नै व्यवस्था गरिएको उल्लेख गर्दै सांसद शाहीले आफूले संसद्मा बोलेकै आधारमा सत्तापक्षका दलबाट राजीनामा मागिनु जायज नरहेको बताए । सांसद प्रदीप यादवले पुँजीबजारमा देखिएका समस्याका विषय संसद्मा उठान गरे । घाटामा रहेका कम्पनीहरुले पनि प्राथमिक शेयर निष्कासन गरिरहेको विषयमा अनुसन्धान गरिनुपर्ने उनको माग थियो । रेटिङ एजेन्सीका कामलाई पनि नियमन गर्नुपर्ने उनको भनाइ छ । प्राथमिक शेयर निष्कासन गर्नुअघि कम्पनीहरुले गलत वित्तीय विवरण देखाएर रेटिङ एजेन्सीमार्फत क्रेडिट रेटिङ गरिरहेको सांसद यादवले उल्लेख गरे ।सांसद धनबहादुर बुढाले आगामी २०८१ साल भदौमा डोल्पामा लाग्ने बौद्ध धर्मालम्बीको 'से मेला'लाई व्यवस्थित बनाउन सम्बन्धित सबै पक्षले भूमिका निभाउनुपर्ने बताए । उनले डोल्पाका त्रिपुरासुन्दरी मन्दिर, मस्टो मन्दिरलगायत धार्मिक तथा सांस्कृतिक क्षेत्रको प्रवर्द्धनमा जोड दिए ।

सांसद अब्दुल खांनले नेपालको शिक्षा, स्वास्थ्य, रोजगारलगायतका क्षेत्र अस्तव्यस्त भएको बताए । उत्पादन बढ्न नसकेको तर आयात भने निरन्तर बढिरहँदा त्यसले अर्थतन्त्रमै समस्या पारिरहेको दाबी गरे । उपभोग्य मिति गुज्रेका अखाद्य वस्तु आयात भइरहेको विषयमा पनि संसद्मार्फत सरकारको ध्यानाकर्षण गराए । उच्च पदस्थ राजनीतिक व्यक्ति र कर्मचारीहरुको विलासी जीवनशैलीबारे सांसद रामप्रकाश चौधरीले प्रश्न उठाए । मिटरब्याजपीडितका समस्या समाधानका लागि सरकारबाट भएका प्रयास अपर्याप्त रहेको पनि उनले बताए ।

काठमाडौं उपत्यकाको वायु प्रदूषण बढेको विषय सांसद प्रेम सुवालले संसद्मा उठाए । अन्नको भण्डार मानिने तराई क्षेत्रमै अहिले खाद्यान्नको अभाव रहेको पनि उनले संसद्मा बोल्नुभयो । त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्ति पारदर्शी रुपमा हुन नसकेको उनको आरोप थियो ।सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्न नसकेको र किसानका समस्या पनि सुन्न नचाहेको धारणा सांसद डा अमरेशकुमार सिंहले उठान गरे । किसानले दूध र उखुको मूल्य नपाएकोलगायतका समस्या पटक-पटक दोहोरिनु सरकारको अकर्मण्यताको नतिजा रहेको उनले आरोप लगाए ।

सांसद सञ्जयकुमार गौतमले जनताले सरकारको अनुभूति गर्न नसकेको भन्दै सरकारका काममा सुशासन र जवाफदेहिता नहुँदा नागरिकस्तरमा चरम निराशा रहेको उल्लेख गरे । देश 'सिण्डिकेट'बाट चलेको छ र त्यो नभत्किएसम्म अहिलेको समस्या समाधान हुँदैन भन्ने अनुभूति नागरिकले गरिरहेको सांसद गौतमले जिकिर गरे । आफू सत्तापक्ष दलको सांसद भएपनि सरकारका काम आफूलाई चित्त नबुझेको धारणा पनि उनले राखे ।मुलुकको व्यवस्था फेरिएपनि अवस्था भने फेरिन नसकेको धारणा सांसद ज्वालाकुमारी साहले राखे । संसद्मा उठेका प्रश्नलाई प्रधानमन्त्रीले जवाफ दिनुपर्ने प्रतिपक्ष दलको अडानलाई गम्भीर रुपमा लिन पनि उनले आग्रह गरे ।

संसदीय मर्यादा पालना गर्नु सबै दल र सांसदहरुको जिम्मेवारी भएकाले संसद्मा बोल्दा जिम्मेवार भएर आफ्ना अभिव्यक्ति राख्नुपर्ने धारणा सांसद महेन्द्रबहादुर शाहीले राखे । संसद्मा आरोप प्रत्यारोप मात्रै हुने तर जनताका गुनासा सम्बोधन नहुने अवस्था आउन दिन नहुने उनको भनाइ थियो । मुलुकको आर्थिक अवस्था कमजोर हुँदा सरकार पनि कमजोर देखिने सांसद शाहीले बताए । सांसद अम्मरबहादुर थापाले दैलेखमा बाँदर र बँदेलको आतङ्क बढेको बताउदै यो समस्या समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गरे । त्यसैगरी, मिटरब्याजपीडितका समस्या समाधानका लागि सरकार गम्भीर हुनुपर्ने पनि उनले बताए । सांसद बिनिता कठायतले कर्णालीका बालबालिका गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुविधाबाट वञ्चित भइरहेकोबारे सरकारको ध्यानाकर्षण गरिन् । कोहलपुर-सुर्खेत-जुम्ला विद्युतीय प्रसारणलाइन अझै निर्माण हुन नसक्दा कर्णालीका बासिन्दा अझै अध्यारोमा बस्नुपरेको सांसद कठायतले बताईन् ।

जाजरकोट भूकम्पका पीडितलाई सरकारले उपलब्ध गराउने भनिएको राहत र पुनःस्थापनाको प्रगतिबारे सांसद रमा कोइराला पौड्यालले प्रश्न उठाए । भूकम्प प्रभावितहरु अहिले पनि पालभित्रै बस्नुपरेको अवस्थालाई सरकारले गम्भीर रुपमा लिनुपर्ने र आवास पुनःनिर्माणमा गति दिनुपर्ने उनको भनाइ छ । भक्तपुरमा खानेपानीको अभाव रहेको विषय संसद्मा उठाउनुहुँदै उनले समस्या समाधानका लागि पहल गर्न पनि आग्रह गरे । सांसद लीलानाथ श्रेष्ठले बालकुमारी घटनाको सत्यतथ्य छानबिन र दोषीलाई कारबाहीको माग गरे । सुनकोशी-कमला डाइभर्सन आयोजनामा भइरहेको ढिलासुस्तीको विषय पनि उनले संसद्मा उठाए ।

# स्वास्थ्यमन्त्री बस्नेतद्वारा राष्ट्रिय दादुरा-रुबेला खोप अभियानको उद्घाटन

**टुडे समाचारदाता**

भक्तपुर । स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले आइतबारबाट देशव्यापी रुपमा राष्ट्रिय दादुरा-रुबेला खोप अभियान २०८०/८१ को शुभारम्भ गरेका छन् ।

भक्तपुरको सानोठिमीस्थित आदर्श माध्यमिक विद्यालयमा आइतबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आयोजना गरेको अभियान उद्धाटन कार्यक्रममा मन्त्री बस्नेतले स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख अस्मिता ओझालाई खोप तथा खोप सामग्री हस्तानतरण गरी देशभर एकैसाथ अभियानको उद्धाटन गरे । मन्त्री बस्नेतले आगामी सन् २०२६ भित्र नेपाललाई दादुरा-रुबेला उन्मूलन गर्ने सरकारको लक्ष्य हासिल गर्न देशभरका स्वास्थ्यकर्मी, स्वयंसेविका, स्थानीय तह र सरोकारवाला निकायले साथ र सहयोग गर्न आग्रह गरे ।

आइतबारबाट सुरु भई चैत ७ गतेसम्म सञ्चालन हुने यो अभियान प्रभावकारी ढङ्गले देशैभरी सञ्चालन हुनेमा आफू विश्वस्त रहेको भन्दै उनले कर्मचारीले इमान्दारिपूर्वक काम गर्न आग्रह गरे । अभियानको शुभारम्भ मध्यपुरथिमिबाट भएको भन्दै उनले भक्तपुरले यहीँ अभियानमा शतप्रतिशत खोप लगाएर देशकै नमुना जिल्ला बन्नुपर्नेमा जोड दिए ।

तराई र काठमाडौं उपत्यका दादुरा-रुबेलाको उच्च जोखिममा रहेको भन्दै मन्त्री बस्नेतले पहिला खोप लगाएकाहरुले पनि पुनः खोप लगाउन र खोप लगाउन छुटेकालाई पनि पहिचान गरेर खोप लगाउन निर्देशन दिए ।मन्त्री बस्नेतले भने, "यो खतरनाक रोग हो । यसबाट बालबालिकाको मृत्यु पनि हुनसक्छ, एकजना बिरामीले १८ जनालाई रोग सार्न सक्छ । विद्यालयबाट यो रोगको सङ्क्रमण फैलिए महामारीको रुप लिन्छ । त्यसैले शिक्षा दिने थलो विद्यालयबाटै यो अभियान सुरु गरेका छौँ, नियमित खोप लगाएकाहरुले पनि यो खोप दिनुपर्छ ।"

खोप लगाउनुपर्छ भन्नेबारेमा अझै पनि जनचेतनाको कमी रहेकाले स्थानीय तहले जनचेतना जगाउँदै विद्यालय, टोल र आवश्यक परे घरघरमा गएर भए पनि खोप लगाएर अभियानलाई पूरा गर्न उनले आह्वान गरे । मन्त्रालय एक्लै लागेर मात्रै अभियान सफल हुँदैन भन्दै उनले सरोकारवाला सबै निकायको साथ र सहयोग आवश्यक रहेको औँल्याए ।

आफू स्वाथ्यमन्त्री भएर आएपछि स्वास्थ्यको क्षेत्रमा स्थानीय, प्रदेश र सङ्घीय सरकाबीच त्रिकोणात्मक समन्वय गराएर काम गरिरहेको भन्दै सरकारको लक्ष्य पूरा गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुने मन्त्री बस्नेतले बताए । उनले सहरी क्षेत्रमा बसाइ सरेर आएका र जानेमा खोप लगाउन ध्यान केन्द्रित गर्दै शतप्रतिशत खोपको सुनिश्चितता गर्नुपर्नेमा जोड दिँदै अभियान सफल पार्न सबै निकायलाई आग्रह गरे । कार्यक्रममा भक्तपुरका सङ्घीय सांसद दुर्लभ थापाले खोप अभियानलाई सफल पार्न स्थानीय तह र जनप्रतिनिधिको भूमिका महत्वपूर्ण रहने भएकाले यी निकाय सक्रिय हुनुपर्ने बताए ।



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निमित्त सचिव डा दीपेन्द्ररमण सिंहले दादुरा-रुबेला निवारण गर्ने सरकारको लक्ष्य हासिल गर्ने क्रममा चार प्रतिशत बालबालिकामा खोप लगाउन छुटेको र रोग पनि देखा परेपछि अभियान सञ्चालन गर्नु परेको बताए । खोप लगाउन छुटेको, बढी जनसङ्ख्या भएका क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर अब खोप लगाउन कोही नछुट्ने गरी अभियान सुरु भएको बताए । स्वाथ्य सेवा विभागकी महानिर्देशक डा सङ्गीता कौशल मिश्रले सरकारले २०२३ मै दादुरा-रुबेला निवारणको लक्ष्य राखे पनि विभिन्न कारणले सम्भव नभएको भन्दै २०२६ मा यो लक्ष्य प्राप्त गर्नुपर्ने बताए ।

उनले भने, "यो लक्ष्य प्राप्ति नगर्दा राज्यको करोडौँ लगानी खेर जान्छ, त्यसैले यो अभियानमा ५७ लाख ५० हजार बालबालिकालाई खोप पुऱ्याउने छौं, अझै चार प्रतिशत बालबालिकामा नियमित खोपसमेत पुग्न सकेको छैन, ती छुटेका बालबालिकालाई पनि अभियानमै सबै खोप पुऱ्याउँछौं ।"अभियानमा उच्च राजनीतिक प्रतिबद्धतासमेत आएकाले अभियान सफल हुनेमा ढुक्क रहेको भन्दै उनले स्वाथ्य संस्थाका कर्मचारी र स्वयंसेविकालाई पूरा शक्ति लगाएर काम गर्न निर्देशन दिए । कार्यक्रममा मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले कतिपय अभिभावकको व्ययस्तता र बसाइसराइले समस्या देखिएको भन्दै नगरपालिकाले घरघरमै पुगेर खोप लगाउने व्यवस्था गरेको बताए ।

चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले आउँदो २०८१ सालभित्र चाँगुनारायणलाई पूर्ण खोप सुनिश्तिता नगर घोषणा गर्ने चरणमा रहेको भन्दै सरकारको अभियान सफल पार्ने बताए । देशको ७२ जिल्ला पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा भइसकेपनि बाँकी पाँच जिल्लालाई पनि घोषणा गर्ने गरी प्रयत्न भइरहेको बताइएको छ । कार्यक्रममा युनिसेफ नेपालकी प्रतिनिधि एलिश अकुंगा, विश्व स्वास्थ्य सङ्गठनका आवासीय प्रतिनिधि डा राजेश सम्भाजीराव पाण्डभले नेपाल सरकारले सुरु गरेको अभियानको लक्ष्य पूरा हुनेमा विश्वस्त रहेको बताए ।

**यस्तो छ अभियान**

दादुरा-रुवेलाको उच्च जोखिममा रहेका तराईका २१ र काठमाडौं उपत्यकाका तीन गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्षमुनिका बालबालिका र बाँकी ५१ जिल्लामा नौ महिनादेखि पाँच वर्षसम्म उमेर समूहका बालबालिकालाई खोप लगाइनेछ ।

कार्यक्रममा बाल स्वास्थ्य तथा खोप शाखा एवं परिवार कल्याण महाशाखा प्रमुख डा अभियान गौतमले नौ महिनादेखि पाँच वर्षमुनिका २१ लाख ३० हजार छ सय ८३ बालबालिका र पाँच वर्षदेखि १५ वर्षमुनिका ३६ लाख १२ हजार तीन सय १० बालबालिका गरी कूल ५७ लाख ४२ हजार नौ सय ९३ बालबालिकालाई खोप लगाउने लक्ष्य लिएको जानकारी दिए ।

खोप अभियानका लागि देशभरि ४९ हजार नौ सय ३७ जना स्वास्थ्यकर्मी र ५९ हजार नौ सय ६ जना स्वयमसेवक परिचालन गरी देशभरका ४८ हजार सात सय ९८ खोप केन्द्रबाट खोप लगाइने उनले बताए । यस अभियानमा खोप लगाउन छुटेका नौ महिनादेखि पाँच वर्षमुनिका बालबालिकालाई लक्षित गरी हेपाटाइटिस बी, धनुष्टङ्कार, इन्फ्लुएन्जा, लहरेखोकी, भ्यागुते रोग, निमोनिया र पोलियोविरुद्धको सात वटा रोगविरुद्धको खोप पनि सँगै सञ्चालन हुनेछन् ।

# राजनीतिक दलसम्बन्धी विधेयक संसद्मा प्रस्तुत

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभाको आइतबारको बैठकमा उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले 'राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८०' प्रस्तुत गरेका छन् ।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ को केही व्यवस्थामा अध्यादेशमार्फत् संशोधन भएको थियो । तर उक्त अध्यादेश खारेज भएको अवस्थामा ऐनको साबिककै व्यवस्था कायम राख्न आवश्यक देखिएको भन्दै मन्त्री श्रेष्ठले राजनीतिक दलसम्बन्धी ऐन २०७३ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभासमक्ष पेश गरेका हुन् ।

आइतबारको बैठकमा सभामुख देवराज घिमिरेले 'राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८० ' लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गरेका थिए ।


## भुमि सुधार तथा मालपोत कार्यालय, बारा कलैया

## ३० दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा बादी जि. बारा गाबिस पथरा वार्ड न ७ मा जन्म घर भई गाबिस बिसुनपुर्वा वडा न ९ मा विवाह भई हाल बारागढी गाउपालिका वार्ड न ४ मा बस्ने राजकुमारी दुसादिन, प्रतिवादी जिल्ला काठमाडौ काठमाडौ महानगरपालिका वार्ड न ५ मा बस्ने सिजापति भएको मोही नामसारी मुद्धामा प्रतिवादी मानिस सिजापतिको नाममा दर्ता कायम रहेको जिल्ला बारा गाबिस पथरा वार्ड न ८ क कि. न २१५ को ज.बि ०-४-० जग्गाको दर्तावाला मोही मेरो बुबा स्व रामसुरत हजरा दुसाद हुनु भएकोमा पिताले आफनो मोहीको कर्तब्य पाल नगरि आउनु भएकोमा निज पिता आफनो कालगतिवाट मिति २०७०/८/१५ गते र आमा पर्वतिया दुसादिन ०६५/२/९ मा प्रलोक भै सकेको निजको कुनै छोरा नभएको र मोही हकखाने दुई ( २ ) जना छोरीहरु मात्र भएको म निवेदिका राजकुमारी देवी दुसादिन र पलटी देवी दुसादिन बाहेक अरु कोही हकदार नभएकोले मैले मोहीको कर्तब्य पालना गरि आएकोले स्व पिता रामसुरत हजरा दुसादको नामबाट मेरो नाममा मोही नामसारी गरि पाँउ भनी भोग दावी भएकोमा प्रतिवादीको नाममा म्याद तामेल गर्न पठाउदा म्याद तामेल हुन नसकेको भनी श्री भुमिसुधार तथा मालपोत कार्यालय काठमाडौको च. न ३०१० मिति ०८०/८/२९ को पत्र द्वारा म्याद फिर्ता आएकोले यो सुचना ३० दिने प्रकासित गरिएको छ । मोही नामसारी नहुने भए आफुसंग भएको प्रमाणपत्र लिई सूचना प्रकासित भएको ३० दिन भित्रमा प्रतिवाद गर्न यस कार्यालयमा आउनु होला । म्याद भित्रमा हाजिर नभएमा कानुन बमोजिम मोही नामसारी भै जाने छ पछि उजुर लाग्ने छैन ।

## Rajgadh Rural Municipality
## Office of The Rural Municipal Executives
## Nargho, Saptari
## Madhesh Province, Nepal

## Invitation For Only Electronic Bids

**First date of publication : 2080-11-14 (26th Feb 2024)**

1. The Rajgadh Rural Municipality invites only electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding Procedures.
2. Eligible bidders may obtain further information and inspect the bidding Documents at the office of Rajgadh Rural Municipality, Office of Rural Municipal Executive, Nargho, Saptari or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Name of The project | Contract Identification No. | Estimated Amount NRs. (Inclusive VAT and PS Item) | Bid Security Amount NRs. | Bid Priece NRs. | Last Date of Submision |
|---|---|---|---|---|---|---|
| 1. | Construction of RCC Road from Syambhunath-Banainiya Road Section, Bargachhi to Jhutaki Tole | RGRM/WORKS/ NCB/2080/81-01 | 69,60,271.58 | 1,78,560 | 3000 | 2080/12/15 |
| 2. | Construction of Birthing Centre in Rajgadh-6, Fakira | RGRM/WORKS/ NCB/2080/81-02 | 63,34,352.94 | 1,58,000 | 3000 | 2080/12/15 |

**Chief Administrative Officer**

# कम्बोडियाका पूर्वप्रधानमन्त्री हुन सेन अग्रिम पङ्क्तिको राजनीतिमा फिर्ता

एएफपी

न्योमपेन्ह । कम्बोडियाली अधिकारीहरूले आइतबार सिनेट निर्वाचनमा मतदान गरेका छन् । निर्वाचनबाट पूर्वनेता हुन सेनका लागि गत वर्ष प्रधानमन्त्रीका रूपमा पद छाडेपछि आधिकारिकरूपमा राजनीतिमा फर्कने मञ्च तयार भएको छ।

करिब चार दशकको कट्टरपन्थी शासनपछि हुन सेनले गत अगस्टमा भएको राष्ट्रिय निर्वाचनमा कुनै ठूलो अवरोधबिना आफ्ना ठूलो छोरा हुन मानेटलाई सत्ता सुम्पनुभएको थियो। सो बेला हुन सेनले आफूले राजीनामा दिए पनि अझै पनि प्रभाव कायम राख्ने मनसाय स्पष्ट गर्नुभएको थियो । एकहत्तर वर्षीय विधायक तथा सत्तारूढ दलका प्रमुखले मुलुकको माथिल्लो सदन सिनेटको एक सिटका लागि आइतबार बिहान तखमाओ सहरमा आफ्नो घर नजिकै मतदान गर्नुभयो। उहाँले सिनेटको अध्यक्ष बन्ने मनसाय रहेको बताउनुभएको छ । यसबाट राजा विदेशमा हुँदा उहाँलाई राज्यको प्रमुखका रूपमा काम गर्ने अनुमति प्राप्त हुनेछ । सोही मतदान केन्द्रमा



मतदान गर्नुभएका पार्षद छिम वानारिथले उक्त कदमको स्वागत गर्नुभयो । "यदि उहाँले सिनेटको नेतृत्व गर्नुभयो भने हाम्रो मुलुक अझ विकसित र शान्तिपूर्ण हुनेछ", उहाँले भन्नुभयो । निर्वाचनमा हुन सेनको सत्तारूढ कम्बोडियन पिपुल्स पार्टी (सिपिपी), रोयलिस्ट फनसिनपेक पार्टी र अन्य दुई साना विपक्षी दलसहित चार राजनीतिक दलले भाग लिइरहेका छन् । बैसठ्ठी सिटको सिनेटमध्ये ५८ सिटमा एक सय २५ सांसद र ११ हजारभन्दा धेरै स्थानीय प्रशासकले मतदान गर्नेछन् । राजा नोरोदोम सिहामोनीले दुई सिनेटर र राष्ट्रियसभाले अन्य दुई सिनेटर नियुक्ति गर्नेछन् ।

धेरैजसो योग्य मतदाता सिपिपीका सदस्य छन् । उनीहरूले गत निर्वाचनमा सिनेटमा क्लिन स्विप गरेका थिए । यसबाट हुन सेनको जित करिब निश्चित भएको छ । "यो हुन परिवारको शक्ति अझ बलियो भएको सङ्केत हो", 'हुन सेन्स कम्बोडिया' का लेखक सेबस्टियन स्ट्रङ्गियोले भन्नुभयो, "पद सम्भावित प्रतिद्वन्द्वीको हातमा नजाओस् भन्ने सुनिश्चित गर्नु राम्रो हुन्छ ।" सिनेटका अध्यक्ष बनेपछि उहाँका छोराको रक्षा हुने र परिवारको नियन्त्रण कमजोर हुनबाट रोक्न सकिने स्ट्रङ्गियोले बताउनुभयो ।

राष्ट्रिय निर्वाचन समितिलाई आधिकारिक नतिजा प्रकाशित गर्न केही साता लाग्ने अनुमान गरिएको छ । यद्यपि राजधानी न्होमपेन्हका मतदाता हुन सेनलाई पुनः सत्तामा हेर्न चाहन्थे । कम्युन प्रमुख ओउ साइफनले भन्नुभयो, "उहाँसँग ठूलो अनुभव छ त्यसैले यदि उहाँले सिनेटको नेतृत्व गर्नुभयो भने हाम्रो मुलुक समृद्ध हुनेछ ।"सांसदहरूले हुन सेनका कान्छो छोरा हुन मैनीलाई उपप्रधानमन्त्रीका रूपमा मञ्जुरी दिएपछि सिनेटको निर्वाचन भएको हो । सरकारमा अहिले हुन सेनका धेरै नातेदार सामेल छन् । उहाँका सहयोगीहरूका धेरै छोराछोरी पनि शीर्ष पदमा छन् । सन् १९८५ सत्तामा आएपछि हुन सेनले गृहयुद्ध र नरसंहारबाट ध्वस्त भएको मुलुकलाई आधुनिकीकरण गर्न सहयोग गर्नुभयो । यद्यपि आलोचकहरूले उहाँको शासनकालमा पर्यावरण विनाश, भ्रष्टाचार र करिब सबै राजनीतिक प्रतिद्वन्द्वीहरू समाप्त भएको पनि बताएका छन् ।

# नेपाल नेदरल्याण्ड्ससँग आठ विकेटले पराजित

टुडे समाचारदाता

काठमाण्डु । घरेलु मैदानमा भएको आइसीसी पुरुष क्रिकेट विश्वकप लिग दुई अन्तर्गत त्रिकोणात्मक शृङ्खलाको अन्तिम खेलमा नेपाल नेदरल्यान्डससँग आठ विकेटले पराजित भएको छ।

जितका लागि नेपालले दिएको एक सय ७३ रनको सामान्य लक्ष्य नेदरल्यान्डसले ३७ दशमलव पाँच ओभरमा दुई विकेट गुमाउदै पूरा गऱ्यो । नेदरल्यान्डसको जितमा विक्रमजित सिंहले सर्वाधिक ५८ रनको योगदान दिए । त्यसैगरी साइब्रान्ड एंगलब्रेक्टले ४६ रन बनाउदा माइकल लेभिटले ३९ रन र म्याक्स ओडाउडले २८ रन जोडे ।



नेपालका लागि ललित राजवंशी र दीपेन्द्र सिह ऐरीले समान एक/एक विकेट लिए ।कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४९ दशमलव तीन ओभरमा सबै विकेट गुमाउदै एक सय ७२ रनको योगफल बनाउन सक्यो ।नेपालका लागि कुशल भुर्तेलले ९३ बल खेल्दै आठ चौकाको मद्दतमा ६६ रन बनाए । त्यस्तै करण केसीले २६ रन बनाउदा आरिफ शेखले २२ रन जोडे । आसिफ शेखले १७, कप्तान रोहितकुमार पौडेलले १६, अनिल शाहले सात र गुल्शन झा पाँच रन बनाए ।

नेदरल्याण्डसका आर्यन दत्त र भिभियन किङ्माले समान तीन/तीन विकेट लिए । यसैगरी बास डि लिडेले दुई विकेट लिँदा रोलेफ भान डर मर्वेले एक विकेट लिए ।यस जितसँगै नेदरल्यान्डसले प्रतियोगितामा चार अङ्क जोडेको छ । नेदरल्यान्डसले नामिबियालाई पहिलो खेलमा सात विकेटले हराएको थियो भने दोस्रो खेलमा नामिबियासँग २४ रनले पराजित भएको थियो ।

नेपालले लिग- २ को पहिलो चरणको खेल सकिदा दुई अङ्क बटुलेको छ । नेपालले नेदरल्यान्डसलाई नौ विकेटले पराजित गरेको थियो भने नामिबियासँग पहिलो खेलमा चार विकेट र दोस्रो खेलमा दुई विकेटले पराजित भएको थियो । नामिबियाले तीनमा जित हासिल गर्दै छ अङ्क बटुलेको छ । नामिबिया लिग दुईको शीर्ष स्थानमा छ । नेदरल्यान्डस चार खेलमा दुईमा जित तथा दुई खेलमा हार बेहोर्दै चार अङ्कका साथ दोस्रो स्थानमा छ । समान चार खेल खेलको नेपालले एकमा जित तथा तीनमा हार बेहोर्दै दुई अङ्कका साथ अङ्क तालिकाको तेस्रो स्थानमा छ ।

# इजरायलद्वारा युद्धविराम वार्तामा आगामी कदमबारे छलफल

एएफपी

जेरुसेलम । इजरायलको युद्ध क्याबिनेटले हमाससँगको युद्धमा बन्धक सम्झौता र युद्धविरामका लागि वार्ताका लागि आगामी कदमबारे छलफल गरेको छ ।

बन्धक सम्झौताबारे नयाँ वार्ताका लागि पेरिस पुगेको इजरायली प्रतिनिधिमण्डल शनिबार राति देशको युद्ध क्याबिनेटलाई छलफलका क्रममा उठेका सवाल जवाफबारे जानकारी गराउन फर्किएको सरकारी तथा स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

राष्ट्रिय सुरक्षा सल्लाहकार जाची हानेग्बीले बैठकअघि टेलिभिजनमा दिएको अन्तर्वार्तामा 'प्रतिनिधिमण्डल पेरिसबाट फर्केको र सम्भवतः सहमतितर्फ अघि बढ्ने ठाउँ रहेको' बताउनुभएको थियो । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बैठकमा ' वार्तामा आगामी कदम' बारे छलफल हुने बताउनुभएको छ । वार्तालाई निरन्तरता दिन आगामी दिनमा कतारमा प्रतिनिधिमण्डल पठाउने सहमति भएपछि बैठक सम्पन्न भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

गत नोभेम्बरमा भएको एक साता लामो युद्धविराममा १०० भन्दा बढी बन्धकलाई मुक्त गरिएजस्तै कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाले पनि सम्झौताका लागि प्रयासको नेतृत्व गरिरहेका छन् ।बन्दीहरूलाई घर फर्काउन सरकारमाथि घरेलु दबाब पनि निरन्तर बढिरहेको छ, शनिबार राति तेल अभिभमा हजारौंको संख्यामा भेला भएका बन्धक तथा अन्य बन्दीहरूका आफन्तले छिटो निष्कषमा पुग्न माग गरेका छन् ।

"हामी हाम्रा प्यारा आफन्तजनहरूलाई जस्तोसुकै अवस्थामा होस् छिट्टै हामीकहाँ फिर्ता ल्याउन तपाईहरूसँग भनिरहेका छौं," ४५ वर्षीय अविवित याब्लोन्काले भन्नुभयो । याब्लोन्काकी बहिनी हनानलाई अक्टोबर ७ मा अपहरण गरिएको थियो ।तेल अभिवमा पनि सरकार विरोधी प्रदर्शनकारीहरू सडकमा उत्रिएका थिए र नेतन्याहूको सरकारलाई राजीनामा दिन माग गरेका थिए । अधिकारीहरूले उनीहरूलाई तितरबितर पार्न पानीको फोहोरा र ठूलो संख्यामा सुरक्षाकर्मी तैनाथ गर्नुपरेको थियो ।

"उनीहरू (सरकारी अधिकारी)ले हाम्रो लागि सही बाटो रोजेका छैनन् । चाहे त्यो अर्थव्यवस्था होस्, चाहे हाम्रा छिमेकीहरूसँगको शान्ति होस्," ५४ वर्षीय सफ्टवेयर कम्पनीका प्रमुख कार्यकारी अधिकृत मोती कुश्नरले सरकारका बारेमा आलोचना गर्दै भन्नुभयो । उहाँले थप्नुभयो, "यस्तो देखिन्छ कि उनीहरू कहिल्यै पनि युद्ध अन्त्य गर्न चाहँदैनन् ।"

**बढ्दो हतास**

घेराबन्दीमा परेको गाजा पट्टीमा चार महिनाभन्दा बढी समयदेखि खाद्यान्न अभाव भएपछि विश्व खाद्य कार्यक्रमले यसै साता आफ्नो टोलीले 'अकल्पनीय स्तरको निराशा' देखाएको बताएको छ भने संयुक्त राष्ट्रसङ्घले २२ लाख मानिस अनिकालको सङ्घारमा पुगेको चेतावनी दिएको छ ।उत्तरी गाजाको जबालिया शरणार्थी शिविरमा बालबालिकाले प्लास्टिकका भाँडाकुँडाहरू र खाना पकाउने भाँडाहरू समातेर राखेका दयनीय तस्वीरहरू सामाजिक सञ्जाल र सञ्चारमाध्यमहरूमा भाइरल बनेका छन् ।

बम विस्फोटका कारण सहायता एजेन्सीहरू त्यस क्षेत्रमा प्रवेश गर्न असमर्थ भएका कारण आपूर्ति सेवाहरू अवरूद्धजस्तै भइरहेका छन् । भोक तीर्खा मेट्नकै लागि चोरी र डकैंतीका घटनाहरू बढेका छन् । सीमित मात्रामा सहायता लिई गाजा क्षेत्रमा प्रवेश गरेका ट्रक र कन्टेनरहरूले भोकभोकै परेका गाजावासीको उन्मादी लुटपाटको सामना गरिरहेका छन् ।

# पोर्चुगलको चुनावी अभियानमा दक्षिणपन्थी समूह बलियो

एएफपी

लिस्बन । पोर्चुगलको आधिकारिक चुनावी अभियान आइतबारदेखि सुरु हुँदैछ । मार्च १० मा हुने विधायिकी मतदानमा पपुलिस्ट पार्टीहरूले सफलता पाउने सम्भावना छ ।

करिब आधा शताब्दी लामो फासिवादी तानाशाही व्यवस्थाको अन्त्य गरी पचास बर्ष पहिले ' कार्नेसन रिभोलुसन'मार्फत् स्थापित व्यवस्था अन्तर्गत चलेको पोर्चुगलमा हालै युरोपका अन्य ठाउँहरूमा सफलता हासिल गरेका



दक्षिणपन्थी र संस्थापन विरोधी पार्टीहरू पछि पर्ने पुर्वानुमानहरू गरिएका छन् ।

सन् २०१९ मा एक फुटबलका पूर्व कमेन्टेटरद्वारा गठन गरिएको चेगा पार्टी देशको राजनीतिक र आर्थिक अभिजात वर्गको एक प्रबल आलोचक बनेको छ र १५ देखि २० प्रतिशत मतको साथ भागेदारी बन्ने देखिएको छ । लिस्बन विश्वविद्यालयको इन्स्टिच्युट अफ सोसल साइन्सेजका राजनीतिशास्त्री एन्टोनियो कोस्टा पिन्टोले समाजवादी प्रधानमन्त्री एन्टोनियो कोस्टाको आश्चर्यजनक राजीनामाले चेगालाई सहयोग पुगेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "यो युरोपेली सङ्घमा भ्रष्टाचारको विषयले कट्टरपन्थी दक्षिणपन्थीको पक्षपोषण गरेको छ ।"

# श्रीलङ्काद्वारा रुसी र युक्रेनीलाई दीर्घकालीन भिसा खारेज

एएफपी

कोलम्बो । मस्कोले युक्रेनमा आक्रमण गरेपछि श्रीलङ्काले आफ्नो टापुमा बस्ने नीतिको उपयोग गर्ने हजारौं रुसी र युक्रेनीका लागि दीर्घकालीन पर्यटक भिसा विस्तार समाप्त गरेको आइतबार बताएको छ।

"सरकारले भिसाको थप म्याद दिइरहेको छैन", प्रस्थानका लागि मार्च ७ को समय सीमा दिँदै अध्यागमन आयुक्त हर्ष इलुकपिटियाले भन्नुभयो, "उडानको अवस्था अब सामान्य भएको छ र उनीहरूलाई फर्कन कुनै कठिनाइ छैन ।"

आधिकारिक आँकडाअनुसार पछिल्लो दुई वर्षमा दुई लाख ८८ हजारभन्दा धेरै रुसी र करिब २० हजार युक्रेनीले श्रीलङ्काको भ्रमण गरेका थिए ।

कति मानिस सामान्य ३० दिने पर्यटक भिसाभन्दा बढी समयसम्म बसे भन्ने स्पष्ट छैन । यद्यपि हजारौं रुसी र कम स‌ङ्ख्यामा युक्रनीहरू सेनामा सम्भावित भर्तीबाट बच्नका लागि श्रीलङ्कामा बसेको विश्वास गरिएको छ । श्रीलङ्का बसेका केहीले रेस्टुरेन्ट सुरु गरेका छन् भने केहीले रात्रिकालीन क्लबहरू स्थापना गरेका छन् ।

दक्षिणी तटीय सहर उनावटुनामा 'श्वेत मानिस मात्र' को पार्टी आयोजना गर्ने एक रुसी-सञ्चालित रात्रिकालीन क्लबविरुद्ध सामाजिक सञ्जालमा उग्र प्रतिक्रिया आएपछि सरकारको उक्त निर्णय आएको हो ।

मुलुकलाई सन् २०२२ को मध्यदेखि आफ्नो सबैभन्दा खराब आर्थिक सङ्कटबाट बाहिर निस्कन विदेशी मुद्राको सख्त आवश्यक भएपछि श्रीलङ्काले आगमनमा ३० दिने भिसा दिएर पर्यटनलाई प्रवर्द्धन गर्न खोज्यो ।

सन् २०२२ अप्रिलमा श्रीलङ्काले उसको ४६ अर्ब डलरको विदेशी ऋण भुक्तानी गर्न सकेन र महिनौंसम्म सडकमा विरोध प्रदर्शनका कारण तीन महिनापछि तत्कालीन राष्ट्रपति गोटबाया राजपक्षेले राजीनामा दिनुपर्यो ।

॥ हार्दिक श्रद्धाञ्जली ॥



जन्म मिति
वि.सं.२००५

स्व. रिझो देवी यादव

मृत्यु मिति
वि.सं. २०८०/११/१३

जनता समाजवादी पार्टी (जसपा) का युवा नेता एवं हाम्रा अनन्य मित्र सीताराम यादव(हनुमान)की प्रात:स्मरणीय पुज्य ममतामयी आमा **रिझो देवी यादव**को मिति २०८०/११/१३ गते ७५ वर्षको उमेरमा देहावसान भएको खबरले मर्माहत भएका छौ ।असीम शोकको घडीमा दिवंगत आत्माको बैकुण्ठबासका लागि भगवान श्रीकृष्णसँग प्रार्थनागर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौ ।

बृजकुमार यादव
राजेन्द्र यादव

मधेश पदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मंत्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक अस्पताल सिरहा
सिरहा, नेपाल
कार्यालय कोड ३७००५१६०४२

## आशयको सुचना

प्रकाशित मिति : २०८०/११/१३

यस कार्यालयबाट आ.व. २०८०/०८१ मिति २०८०/१०/०९ गतेका दिन मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा E-Bidding मार्फत पेश गर्न आह्वान गरिए बमोजिम, पेश हुन आएको बोलपत्रहरु मध्ये न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकोले तपसिल बमोजिमका बोलपत्र स्वीकृतिका लागि छनौट गर्न आशय पत्रको सुचना सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) बमोजिम सम्बिन्धित सवै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

| सि. न. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्रदाताको नाम | कबोल गरेको अंक रु. (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | NCB/W/PHS/2080-081/02 | Construction work of administration Block | Gangotri Builders and Suppliers Pvt. Ltd., Kathmandu-31, Shankhmul, Kathmandu | 3912708.78 | NCB |

मेडिकल सुपरिन्टेन्डेन्ट

# दुई हजार बिन्दुभन्दा तल ओर्लियो नेप्से परिसूचक

**टुडे समाचारदाता**

काठमाण्डु । साताको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २६ दशमलव ८१ अङ्कले ओरालो लागेको छ । परिसूचक एक दशमलव ३३ प्रतिशतले घटेर एक हजार नौ सय ७९ दशमलव ०२ बिन्दुमा कायम भएको हो । गत मङ्सिर अन्तिम साताको कारोबारयता आइतबार पहिलोपटक नेप्से परिसूचक दुई हजारको बिन्दुभन्दा तल झरेको हो ।

आइतबार विभिन्न तीन सय १७ कम्पनीका ८५ लाख ४६ हजार नौ सय ३० कित्ता शेयर ७१ हजार आठ सय ८० पटक खरिदबिक्री हुँदा रु तीन अर्ब आठ करोड ६९ लाख ५१ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।वित्त समूह र उत्पादन तथा प्रशोधन समूहको उपसूचक बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेका छन् । वित्त समूह एक दशमलव ४० र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ८० प्रतिशतले बढेका छन् । सबैभन्दा धेरै जलविद्युत् समूह दुई दशमलव ४२ प्रतिशतले घटेको छ ।

बोटलर्स नेपाल (बालाजु) लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र मोलुङ हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सन् नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड सबैभन्दा अगाडि देखिएको छ । यो कम्पनीको रु २५ करोड १८ लाख १२ हजार दुई सय ४२ बराबरको चार लाख १५ हजार नौ सय ४९ कित्ता शेयर किनबेच भएको छ ।

# दूध आयातमा लगाइएको प्रतिबन्धको स्वागत

**टुडे समाचारदाता**

झापा । कोशी प्रदेशको डेरी उद्योग सङ्घले नेपाल सरकारद्वारा दुग्धजन्य पदार्थको आयातमा लगाइएको प्रतिबन्धको स्वागत गरेको छ । सङ्घमा आबद्ध आठ ठूला डेरी उद्योगका सञ्चालकको शनिबार दमकमा सम्पन्न बैठकले हालै दुग्धजन्य पदार्थको आयातमा सरकारले लगाएको प्रतिबन्धले स्वदेशी डेरी उद्योगलाई राहत पुग्ने ठहर गरेको हो । "सङ्घले सात बुँदे निर्णय गरेको छ", सङ्घका संयोजक रामचन्द्र उप्रेतीले भने, "आयात खुला रहँदा स्वदेशी उत्पादन नबिक्ने समस्या भइरहेको थियो । नेपाल सरकारले हालै आयात रोक्न गरेको निर्णयले हामी खुसी भएका छौं ।"



सङ्घले किसानबाट खरिद गर्दै आएको दूधको भुक्तानी नियमित गर्ने निर्णय गरेको उनले जानकारी दिए । कोशी प्रदेशमा सहकारी र निजी डेरीले किसानबाट सङ्कलन गरेको दूधको भुक्तानीमा ठूलो समस्या नरहेकोसमेत उनले बताए। कोशी प्रदेशमा रहेका डेरी उद्योगमा नौनी घ्यू, एसएमपी र छुर्पीको स्टक आवश्यकभन्दा ज्यादा भएको जनाउँदै बैठकले आन्तरिक खपतमा स्थानीय उत्पादन र उद्योगीलाई पहिलो प्राथमिकता दिने निर्णय गरेको छ।

बैठकमा एनएमसी डेरी उद्योग, सगरमाथा डेरी सङ्घ, कामधेनु दुग्ध सहकारी, रितिका डेरी उद्योग, शिवम् डेरी इन्डस्ट्रिज, गोरस डेरी प्रालि, जीवन विकास डेरी र मदानी मिल्क हाउसका सञ्चालकको सहभागिता रहेको थियो।

**मौज्दातमा पाच लाख केजी नौनी**

बिक्री नभएका कारण कोशी प्रदेशका डेरी उद्योगमा पाँच लाख केजी नौनी घ्यू मौज्दातमा रहेको व्यवसायी बताउँछन्। विगत छ महिनाअघिदेखि बिक्री न्यून भएकाले नौनी घ्यू थुप्रिँदै गएको हो । उद्योगीका अनुसार दूधको उत्पादन बढेको बढ्यौँ छ, तर दूध र दूधबाट बनेका विभिन्न उत्पादनको बिक्री हुन सकेको छैन ।

बिक्री नभएका नौनी घ्यू चिस्यानगृहमा भण्डारण गर्न असम्भव भइसकेको छ। निजी क्षेत्रले तरकारी भण्डारणका लागि प्रयोगमा ल्याइरहेको विर्तामोडको रोयल कोल्डस्टोरलगायत झापा र मोरङका पाँच ठूला कोल्डस्टोरमा नौनी घ्यू राखिएको नेपाल डेरी एसोसिएसनका वरिष्ठ उपाध्यक्ष राजन चिमरियाले बताए। सीमावर्ती क्षेत्रबाट अवैधरुपमा भित्रिएको दूध र दुग्धजन्य पदार्थले स्वदेशी उत्पादन बिक्री नभएको चिमरिया बताउछन्। भारतमा भन्दा नेपालमा दूधको मूल्य बढी भएकाले भारतबाट लुकीछिपी दूध र पनिर भित्रिने गरेको हो।

# गैरकानुनी ७० स्वास्थ्य संस्था हालका लागि बन्द

**टुडे समाचारदाता**

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारको मेडिकल परीक्षण गर्दै आएका ७० स्वास्थ्य संस्थाको सेवा हालका लागि बन्द गर्ने निर्णय गरेको छ।

मन्त्रालयले गत माघ १२ गते सूचना जारी गरी मापदण्ड पूरा गर्न निर्देशन दिएको थियो। सोअनुसार हुन नसकेपछि सेवा बन्द गरिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले गत भदौ १२ देखि सुरु गरेको अनुगमनका क्रममा यी संस्थाहरुले मापदण्ड पूरा नगरेको पाइएको थियो। मन्त्रालयले दुई सय १३ वटा स्वास्थ्य संस्थाको अनुगमन गरेको थियो। सोमध्ये ६७ वटा स्वास्थ्य संस्थालाई तोकिएको मापदण्ड पूरा गर्न एक महिनाको समय दिइएको छ। मन्त्रालयमा दुई सय १५ स्वास्थ्य संस्था दर्ता भएकामध्ये तीनले नवीकरण गरेका छैनन्।

वैदेशिक रोजगार ऐन, नियमावली तथा वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि २०७२ बमोजिम अनुगमन सुरु गरिएको थियो। अनुगमन तथा निरीक्षण टोलीले काठमाडौँ उपत्यकाभित्र र उपत्यका बाहिर रहेका स्वास्थ्य संस्थाको अनुगमन तथा निरीक्षण गरेको थियो।मन्त्रालयमा सूचीकृत स्वास्थ्य संस्थाहरुले कामदारको स्वास्थ्य परीक्षणबिना नै 'मेडिकल रिपोर्ट' तयार गरी कामदारलाई दिने गरेको अनुगमनका क्रममा पाइएको छ। यी संस्थाहरुमा कर्मचारी र उपकरण पर्याप्त नभएको र परीक्षण नै नगरी प्रतिवेदन दिने गरेको पाइएको छ।

वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक जाने कामदारले अनिवार्यरुपमा स्वास्थ्य परीक्षण गर्नुपर्ने व्यवस्था छ। नेपालबाट जाने नेपाली कामदारको गन्तव्य मुलुकमा पुगेपछि स्वास्थ्य परीक्षण गरिन्छ। गन्तव्य मुलुकमा पुगेपछि स्वास्थ्यमा समस्या भएर फर्कनुभन्दा नेपालमा नै स्वास्थ्य परीक्षण गर्ने गरिएको हो। मन्त्रालयमा दर्ता भएका यस्ता स्वास्थ्य संस्थाका लागि मन्त्रालयले पूर्वाधारको मापदण्डसमेत तोकेको छ।

मन्त्रालयमा सूचीकृत संस्थामा समस्या देखिएपछि गन्तव्य मुलुकले आफ्नै मुलुकको मापदण्डानुसार स्वास्थ्य संस्था छनोट गर्न थालेका छन्। यसमध्ये मलेसियाले रोजगारीका लागि मलेसिया जाने नेपाली कामदारको स्वास्थ्य परीक्षणका लागि ३६ वटा संस्था छनोट गरेको छ। साउदी अबरले १९ वटा संस्था तोकेको छ। कतारले कतार भिसा सेन्टरबाट नै सबै प्रक्रिया पूरा गर्दै आएको छ। भने इजरायलले चार र कोरियाले तीन वटा यस्ता स्वास्थ्य संस्था तोकेको छ।



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय सबैलाको २१ दिने सुचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सुचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालय :- कृषि विकास बैंक लि., शाखा कार्यालय सबैला**

| क. स. | कर्जा ग्राहकको नाम | ठेगाना | पिता । पतिको नाम | बाजे । ससूरा | मिसिल न. | कर्जाको उदेश्य | सांवा रकम बांकी | २०८०।११।१० सम्मको ब्याज | जम्मा तिर्नू पर्ने रकम | ग्रहक नं | मोवाईल न. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | राम सगैर देबी बरही | सबैला ०९ | खटर ठाकुर | बिष्णु ठाकुर | २३१४४ | सरल कृषि कर्जा | २००००० | २७००० | २२७००० | ९८७४९८ | |
| २ | रोहित मंडल धानूक | भूतही पटेर्वा ०३ | किशोरी मंडल धानुक | बिकु मंडल धानुक | २३२०१ | सरल कृषि कर्जा | ३००००० | ४२५०० | ३४२५०० | ९८७६८० | ९८०४८४२२९७ |
| ३ | कैलास देबी केवटीन | जूगेश्वरपूर ०२ | महेन्द्र कापर | बैए लाल कापर | २३९२७ | सरल कृषि कर्जा | ४००००० | ३३००० | ४३३००० | ९८७३८४ | ९८०४८१८८३३ |
| ४ | राम बाबू यादब | कजरा रमैल ०६ | लक्ष्मेश्वर थादब | जदु यादब | २३९८३ | सरल कृषि कर्जा | ६५०००० | ४१००० | ६९१००० | १५६६२१२ | ९८०४८१८११९ |
| ५ | कोशिला देबी साह | सबैला ०१ | भिखारी साह तेली | बिल्टु साह तेली | २३९८९ | घरायसी | ८००००० | ३८००० | ८३८००० | १५६६४६९ | ९८०७८०५१३९ |
| ६ | रामदेब यादब | धनूषाधाम ०९ | श्री राम सागर यादब | कस्तुरी यादब | २३९४८ | सरल कृषि कर्जा | ८००००० | ८१७०० | ८८१७०० | ९८७५६९ | ९८४४०३९६१० |
| ७ | अीम्बका पंजियार | ठिल्ला यदूवा०९ | महेश पजियार | डा. जिबछ पजियार | २३८११ | सरल कृषि कर्जा | २००००० | ८५०० | २०८५०० | ९८७२२८ | ९८४४०२८०७२ |
| ८ | अीम्बका पंजियार | ठिल्ला यदूवा०९ | महेश पजियार | डा. जिबछ पजियार | २३८११ | धरायसी | ७००००० | ३५५०० | ७३५५०० | ९८७२८८ | ९८४४०२८०७२ |
| ९ | रामजी यादब | गिदहा ८ | मनेजर यादब | मनोगी यादब | २४०८३ | धरायसी | ७००००० | ५४००० | ७५४००० | १८१२७६७ | ९८०७८८०६०६ |
| १० | राज किशोर यादब | ननूपटी ०६ | रामजी यादब | नथुनी यादब | २३६५७ | धरायसी | २५०००० | १२००० | २६२००० | ९८७२२९ | ९८०७६३८०९१ |
| ११ | सूनिता देबी राय अमात्य | गोबिन्दपूर ०७ | राम बिकास अमात्य | महन्थलाल राय अमात्य | २४०५५ | स.कृ.कर्जा | ७००००० | २३००० | ७२३००० | १७६२१८२ | ९८२७६३६४९३ |
| १२ | राम पृत राय अमात्य | गोबिन्दपूर ०७ | जिबछ राय अमात्य | | २४०४९ | स.कृ.कर्जा | ६००००० | २०००० | ६२०००० | १७५३२५५ | ९८६३६०३३०६ |
| १३ | जिबछी देबी केवटीन | हटिपूर हरिबर्रा०१ | दशै यादब | जुग लाल मंडल | २३५८९ | स.कृ.कर्जा | ९९५००० | १०४००० | १०९९००० | ९८७४८१ | ९८१४८२६२९८ |
| १४ | बिजय कूमार यादब | खरिहानी ०८ | राम छबिला यादब | राम लखन यादब | २४१७७ | स.कृ.कर्जा | ७००००० | ३४००० | ७३४००० | १९१३१५८ | ९८२५८४४७८२ |
| १५ | उतिम यादब | धनूषाधाम ०४ | रौदिया यादब | नेवाई यादब | ४१३६ | स.कृ.कर्जा | २५०००० | १९००० | २६९००० | ९८७८४७ | ९८१४८५३६४२ |
| १६ | मिथिलेश कूमार साह | कजरा रमैल ०७ | बेचन साह | सिताराम साह | २३९३० | स.कृ.कर्जा | ६००००० | ४१००० | ६४१००० | ९८७४०१ | ९८१७८८९४३५ |
| १७ | शान्ति कूमारी देबी | धनूषा गोबिन्दपूर०७ | दिप नरायण यादब | रामजी यादब | २४२९८ | स.कृ.कर्जा | २०००००० | ११६००० | २११६००० | ५२०७२२६ | ९८०७८३१९९६ |
| १८ | निरसी कूमारी | मतलेशवर निकास ०३ | राम बाबु मंडल | अमृत मंडल | २४३०९ | स.कृ.कर्जा | १८००००० | ४६५०० | १८४६५०० | ५२८१०९० | ९८०९३०६४४७ |
| १९ | परमशिला देबी | धनूषा गोबिन्दपूर ०४ | राम प्रबेश यादब | सुखदेब यादब | २४२१७ | स.कृ.कर्जा | ५००००० | ३७५०० | ५३७५०० | १९५३१०५ | ९८१२१३३४४१ |
| २० | जगतारन देबी | गनेशमानचारनाथ ०२ | | | २४२८७ | स.कृ.कर्जा | ९००००० | ६९००० | ९६९००० | ५१९३०४० | ९८०७८४०८१२ |
| २१ | संजय साह | सबैला ०१ | ब्रहमदेब साह तेली | राम किसुन साह | २४०६२ | स.कृ.कर्जा | ६००००० | ३६००० | ६३६००० | १७४८९२० | ९८०७६५३४८९ |
| २२ | पूरोषतम दास थादब | कजरा रमैल ०७ | राम सोभित यादब | मकसुदन यादब | २३९५० | स.कृ.कर्जा | ९९५००० | ५६००० | १०५१००० | ९८७५५४ | ९८०७८१४२५५ |
| २३ | राम बिनोद यादब | मिथिला बिहारी ०२ | सोनफी यादब | रबि यादब | २४२८४ | स.कृ.कर्जा | ९९५००० | ६०००० | १०५५००० | ५१९२७९० | ९८१९८०८१४६ |
| २४ | परिक्षण मंडल | भूतही पर्टेवा ०७ | भुजन मंडल | नागेश्वर मंडल | २४२९७ | स.कृ.कर्जा | ८००००० | १८५०० | ८१८५०० | ९८७१८८ | ९८०७६४६७६६ |
| २५ | ममता कूमारी देबी | गोबिन्दपुर ०२ | सुर्यदेब मंडल | शिबदत मंडल | २४२४१ | स.कृ.कर्जा | ८००००० | ५८५०० | ८५८५०० | १९५८८४२ | ९८१७६१४९४२ |
| २६ | स्वीटि अधिकारी | हटिपूर हरिबर्रा ०४ | प्रदीप कुमार मंडल | सुरत लाल मंडल | २३८६६ | स.कृ.कर्जा | २९०००० | २०००० | ३१०००० | ९८७३९९ | ९८०४८२०००१ |
| २७ | बंशी लाल साह तेली | सबैला ०१ | सिकी लाल साह तेली | दुखरण साह तेली | २३९७५ | स.कृ.कर्जा | ९५०००० | ६०००० | १०१०००० | १६०४१३४ | ९८०७६५७४९० |
| २८ | सूखी यादब | सबैला ०२ | सुरजा यादब | मौजे राउत | ५५४१ | स.कृ.कर्जा | ५००००० | १६००० | ५१६००० | ९८७३७४ | ९८०७८६५६१८ |
| २९ | मूसरत खातून | धनूषाधाम ०१ | मोहिद शेख | समसुल शेख | २४३१२ | स.कृ.कर्जा | १९००००० | ११४००० | २०१४००० | ५२८९३०८ | ९८२३६९५२७० |
| ३० | बासो देबी यादब | पूरन्दहा ०२ | सुबध लाल यादब | गौरी यादब | २४३३४ | स.कृ.कर्जा | १०००००० | २९००० | १०२९००० | ५३३०१४६ | ९८२२०४४५११ |
| ३१ | बृजलाल साह तेली | सबैला ०१ | सिकी लाल साह तेली | दुखरण साह तेली | २४०६० | स.कृ.कर्जा | ९००००० | ५५००० | ९५५००० | १७५५६२८ | ९८०७६५७४९० |
| ३२ | बिपतिया यादब | बालाबाखर ०६ | राम स्वरुप यादब | नरायण यादब | २४०७९ | स.कृ.कर्जा | ४००००० | २२००० | ४२२००० | १८१०३३१ | ९८२३१५७४२४ |
| ३३ | सम्भू साह तेली | सबैला ०९ | राम चन्द्र साह तेली | मुनेश्वर साह तेली | २४२८३ | स.कृ.कर्जा | ५००००० | २७००० | ५२७००० | ५१९२७३५ | ९८००८०६७६७ |
| ३४ | भोला ठाकूर बरही | मखनाहा ०६ | रौदी ठाकुर बरही | फतुरी ठाकुर बरही | २३७३० | स.कृ.कर्जा | १००००० | ७००० | १०७००० | ९८७३६२ | ९८०७८४३५१५ |
| ३५ | बिनिता देबी यादब | मिथिलेश्वर निकास ०३ | संतोष यादब | जगदेब थादब | २४२९६ | स.कृ.कर्जा | ८००००० | २४००० | ८२४००० | ५२१५४८३ | ९८००८६२४१७ |
| ३६ | सिता यादबनी | कजरा रमैल ०७ | श्री कृष्ण यादब | | २३३५२ | घचभङ्ग | ८००००० | ५१००० | ८५१००० | ९८७४५५ | ९८०४८९१७७७ |
| ३७ | साबित्री देबी साह | भूतही पर्टेवा ०६ | पुण्य प्रताप साह | सिताराम साह | २३९०५ | घचभङ्ग | ५००००० | ३०००० | ५३०००० | ९८७२४३ | ९८१२११४१९८ |
| ३८ | खेब नरायण यादब | मखनाहा ०७ | राम नरायण यादब | जनक यादब | ५७४८ | धरायसी | ५००००० | ३६५०० | ५३६५०० | ९८७४२० | ९८४४०३८६५९ |
| ३९ | शान्ती देबी राय | सतोखर ०२ | जगदीश राय | खटर राय | २३९२२ | धरायसी | ८००००० | ४९००० | ८४९००० | ९८७३४० | ९८४२९७८०८७ |
| ४० | मनकी कूमारी देबी साह | खरिहानी ०४ | भबिछन साह सोनार | महाबीर साह | २३८३७ | धरायसी | २००००० | ६१०० | २०६१०० | ९८७९५२ | ९८०३६९९८२९ |
| ४१ | सतेन्द्र कूमार चोरबार | शहिदनगर ०२ | सुर्य लाल चोरबार | केश्वर चोरबार | २३९५२ | स.कृ.कर्जा | ५००००० | ३६००० | ५३६००० | ९८७५५७ | ९८१४८९९४२० |
| ४२ | लालती देवी यादव | बालाबाखर ०५ | कृष्ण कूमार यादव | उतिम यादव | २४२१९ | सरल कृषि कर्जा | ८००००० | ७८००० | ८७८००० | १९३९५६० | ९८०७६८८६३७ |
| ४३ | राम कृपाल राय अमात | भूतही पटेर्वा ०९ | राम किसून राय अमात | राम जिवन राय अमात | २४२४० | सरल कृषि कर्जा | ३००००० | ६५००० | ३६५००० | १९५८४६३ | ९८२६८९१५२४ |
| ४४ | सरयूग महारा | भूतही पटेर्वा ०९ | दूखि महरा | राम झरी महरा | २४१९९ | सरल कृषि कर्जा | ९००००० | ७७००० | ९७७००० | १८६५२४२ | ९८२८९३१३३९ |
| ४५ | जगदेव महरा चमार | भूतही पटेर्वा ०९ | पूलकित महरा | लक्ष्मी महरा | २४२२४ | सरल कृषि कर्जा | ९००००० | ९१००० | ९९१००० | १९४१३६७ | ९८२६८४९९७० |
| ४६ | सिरि प्रसाद चोरबार | चोराकोयलपुर ०३ | रमेश्वर चोरबार | नेबी चोरबार | २४१४८ | सरल कृषि कर्जा | ९५०००० | ६२००० | १०१२००० | १८३८८९१ | ९८६३२३०८४७ |
| ४७ | धनराज जेनरल स्टोर प्रो.राम भगत राय अमात | भूतही पटेर्वा ०९ | महादेव राय अमात | बासूदेव राय अमात | २४१४३ | ब्यापार कर्जा | १७५०००० | २१८००० | १९६८००० | १८३१५२१ | ९८२८०१४७१० |
| ४८ | सूनिता देवी राय अमात | धनूषा गोबिन्दपूर ०७ | राम बृक्ष राय अमात | चन्देश्वर राय | २४०५५ | सरल कृषि कर्जा | ७००००० | २५००० | ७२५००० | १७६२१८२ | ९८२७६३६४९३ |
| ४९ | प्रभूनाथ यादव | कजरारमौल ०७ | अयोधी यादव | जिवछ यादव | २३०३८ | स.कृ.कर्जा | ६००००० | ९३५०० | ६९३५०० | १७१९०९९ | ९८१६८३५१५० |
| ५० | उपेन्द्र मूखिया | खरिहानी ०८ | ठकाई मूखिया | नेवालाल मूखिया | २४२२७ | स.कृ.कर्जा | ९५०००० | १७००० | ९६७००० | १९४१६२३ | ९८१७८३८१२१ |
| ५१ | राम राजी देवी | मि.निकास ०३ | श्याम यादव | श्री नारायण यादव | २४२३८ | स.कृ.कर्जा | ८००००० | ७५००० | ८७५००० | १९५८७०६ | ९८१२१९४५११ |
| ५२ | रागनी देवी | पचहर्वा ०१ | रामदेव पासमान | रामबाबू पासमान | २३५०६ | स.कृ.कर्जा | ६००००० | ६७००० | ६६७००० | ९८७९०० | ९८१९८६६७८८ |
| ५३ | ललिता देवी पंजियार | सबैला ०७ | देव नारायण पंजियार | गोकूल पंजियार | २३८१२ | ब्यापार | २००००० | ७९००० | २७९००० | ९८७९४३ | ९८०७८२६६३६ |
| ५४ | शूशिला देवी यादव | सबैला ०२ | बिशेश्वर यादव | राम देव यादव | २४२२३ | स.कृ.कर्जा | ९५०००० | १०७००० | १०५७००० | १९४०६९१ | ९८२३५२२७७९ |
| ५५ | फूल कूमारी देवी | खरिहानी ०४ | कारी पण्डित | कल्लू पण्डित | २३९४८ | स.कृ.कर्जा | ७५०००० | २८००० | ७७८००० | १७१३३७८ | ९८०७८९०६०८ |
| ५६ | सूर्यनारायण मण्डल धानूक | मतलेशवर निकास ३ | सूकदेव मण्डल धानूक | विरु म्ण्डल धानूक | २४२९६ | स.कृ.कर्जा | ७००००० | ८७००० | ७८७००० | ५२०६६५१ | ९८२६८२१५५३ |
| ५७ | वूधनी देवी | भूतही पटेर्वा ६ | मटर यादव | जोखन यादव | २४०३२ | स.कृ.कर्जा | ४००००० | ४२००० | ४४२००० | १७१८८२५ | ९८०७८६०९०६ |
| ५८ | चूटा यादव | भूतही पटेर्वा | लटा यादव | गरई यादव | २३८५२ | स.कृ.कर्जा | ७००००० | ९८००० | ७९८००० | ९८७९५७ | ९८०८७७२२२० |
| ५९ | धनिराम यादव | सवैला ५ | लक्ष्मेश्वर यादव | मिका यादव | २३८६२ | स.कृ.कर्जा | ९९५००० | ३५००० | १०३०००० | ९८७३६१ | ९८१४८२३१४० |
| ६० | रेनू देवी अमात | भूतही पर्टेवा ९ | ईन्दल राय अमात | रंगिया राय अमात | २४०५४ | स.कृ.कर्जा | ६००००० | १७९००० | ७७९००० | १७५५५५२ | ९८००८१७०४६ |
| ६१ | श्रमजिबी सेभिंग एण्ड केडिट | सबैला ०९ | प्रो.सुनिल कुमार खर्गा | बिल्ट खर्गा | २३७२९ | ब्यापार | २९५०००० | १९९००० | ३१४९००० | ९८७३१९ | ९८४४०२५६४९ |
| ६२ | मुनेश्वर यादव | मखनाह ०१ | बिजो यादव | बुध यादव | ५५८५ | स.कृ.कर्जा | ३०००० | २४३०० | ५४३०० | ९८७३८२ | |
| | | | | | | कुल जम्मा | ४६४००००० | ३४४१६०० | ४९८४१६०० | | |

Agricultural Development Bank Ltd.

कृषि विकास बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

मधेश प्रदेश कार्यालय जनकपुर

# महेन्द्रनारायण निधि राष्ट्रिय पुरस्कार प्रथम राष्ट्रपति यादवलाई



महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठानद्वारा आइतबार राष्ट्रपति भवनमा आयोजित कार्यक्रममा महेन्द्रनारायण निधि राष्ट्रिय पुरस्कार तथा सम्मान २०८० प्रथम राष्ट्रपति डा. रामवरण यादवलाई प्रदान गर्दै राष्ट्रपति रामचन्द्र पौडेल।
*तस्बिर सौजन्य : राष्ट्रपति कार्यालय*

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले महेन्द्रनारायण निधि राष्ट्रिय पुरस्कार तथा सम्मान २०८० प्रथम राष्ट्रपति डा. रामवरण यादवलाई प्रदान गरेका छन् । वर्तमान संविधान निर्माणक्रममा समन्वयकारी भूमिका निर्वाह गरेर संविधानसभाबाट जनताले बनाएको संविधान जारी गर्ने महत्वपूर्ण योगदान पुर्‍याएवापत संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. यादवलाई सो पुरस्कार प्रदान गर्ने निर्णय गरेको प्रतिष्ठानले जनाएको छ।

महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठानद्वारा आइतबार राष्ट्रपति भवन शीतलनिवासमा आयोजित १०३ औं महेन्द्रनारायण निधि जन्मजयन्ती पुरस्कार तथा सम्मान कार्यक्रममा राष्ट्रपति पौडेलले प्रथम राष्ट्रपति डा यादवलाई सो पुरस्कार प्रदान गरेका छन्।

यस्तै, महेन्द्रनारायण निधि राष्ट्रिय पुरस्कार तथा सम्मान २०७९, लोकतान्त्रिक आन्दोलनका अग्रज योगप्रसाद उपाध्याय, प्रेमसागरीदेवी निधि राष्ट्रिय पुरस्कार तथा सम्मान २०८० समाजसेवी दुर्गा घिमिरे तथा प्रेमसागरीदेवी निधि राष्ट्रिय पुरस्कार तथा सम्मान २०७९ संगीत साधक सरिता मिश्रलाई सो अवसरमा राष्ट्रपति पौडेलले प्रदान गरे।

सो कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले राजनीति शासन र सुशासनलाई सुदृढ, व्यवस्थित र विधिसम्मत बनाउँदै देश, जनता र समाजको सर्वोत्तम हितमै केन्द्रित हुनुपर्नेमा जोड दिए । 'परिवर्तनको अनुभूति वास्तविकरुपमा गरिब, पिछडिएका र आर्थिक अवस्था कमजोर भएका वर्गले पाउन नसक्दासम्म संविधान र गणतन्त्रले परिकल्पना गरेको लक्ष्य पूरा हुन सक्दैन,' उनले भने।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले निर्दिष्ट गरेका कामप्रति हाम्रो ध्यान अझै जान नसक्दा कतै जनतामा निराशा आएको हो कि भनेर पनि यतिबेला चिन्ता प्रकट भइरहेको उनले उल्लेख गरे । राष्ट्रपति पौडेलले कतिपय सन्दर्भमा कतै हाम्रा आफ्नै राजनीतिक र शासकीय कमजोरीले त यस्तो अवस्था आएको होइन भन्दै कतै हाम्रा कमजोरीलाई व्यवस्थाका कमजोरी भनेर लोकतन्त्रको आदर्शलाई अपव्याख्या गर्ने काम त भइरहेको छैन भन्ने प्रश्न गरे।

'मलाई लाग्छ यसो हुनुमा निश्चय नै अनेक कारण छन् । तर हाम्रा कमजोरी पनि त्यसका कारण हुन् । अतः त्यसलाई हाम्रो राजनीतिक निष्ठाले जित्नुपर्छ र लोकतन्त्रको पवित्रतालाई स्थापित गर्दै यसलाई अझ परिणाममुखी बनाउन आवश्यक छ,' उनले भने।

# 'भ्रष्टाचारीलाई कारबाही गर्न अनाकानी'

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन सचिवले कृषि ज्ञान केन्द्रका तत्कालीन प्रमुखको मिलेमतोमा व्यापक भ्रष्टाचार गरे पनि कुनै निकायले कारबाही प्रक्रिया अगाडि नबढाएको भन्दै असन्तुष्टि व्यक्त गरिएको छ।

मन्त्रालयका सचिव नम्रता सिंहले कृषि ज्ञान केन्द्र धनुषाका तत्कालीन प्रमुख शंकर साहको मिलेमतोमा सार्वजनिक खरिद ऐन र नियमावली मिचेर परियोजनाका लागि कन्सलटेन्सी छनोट, खरिद प्रक्रिया मिचेर रकम भुक्तानी, कागजमै अनुदान रकम वितरण गरेको लगायतका आरोप लगाइएको छ।

कृषि ज्ञान केन्द्र धनुषाका तत्कालीन प्रमुख साहले युवरानी मत्स्य तथा कृषि फर्म प्रा.लि. औरही ३ महोत्तरीलाई दाना उद्योग विस्तारको लागि मेशिनरी प्लान्टको आपूर्ति जडान गर्न विभिन्न मेशिनरी औजार तथा उपकरण खरिदका लागि २ करोड ४७ लाख ४४ हजार रुपैयाँ फर्जी लगत अनुमान बनाई १ करोड अनुदान रकम भुक्तानी गरी बाँडफाँट गरिएको आरोप लगाइएको छ।

प्राविधिक स्पेसिफकेशन विना इस्टिमेट गरी सामग्री आपूर्ति नगरिकन नक्कली विल भरपाइको आधारमा भुक्तानी गरिएको,२०८० जेठ २ गतेमा प्रकाशित सूचना, २०८० जेठ ३१ गते बोलपत्र खोलिएको तर २०७९ चैत २ ९ गतेमा अनुदानग्राही संग सम्झौता गरिएको पाइएको छ । सम्झौता अगाडि भन्सार कार्यालय जलेश्वरबाट सामान भित्रिएकोले त्यो सामान देखाई अन्य कुनै फर्म वा अन्य कहीबाट अनुदान लिएको र पछि त्यहि सामान देखाई भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट अनुदान लिइएको पाइएको छ।




युवरानी मत्स्य तथा कृषि फर्म औरही ३ महोत्तरीले करोडौंको सामान खरिद गर्दा पनि बोलपत्र आह्वान नगरेको, स्पेसिफकेशन अनुसार सामान खरिद नगरेको, खरिद प्रक्रिया पूरा गर्नु भन्दा पूर्व सामान देखाई अनुदान दुरुपयोग गरेको छ। कृषि ज्ञान केन्द्रका प्रमुख साह र सचिव सिंहले २०७९/८० को कार्यक्रम असार मसान्त सम्म सवै प्रक्रिया पूरा गरी प्राविधिक स्पेसिफकेशन अनुसार सामान खरिद गरे नगरेको अनुगमन गराई भुक्तानी गर्नुपर्नेमा अनुदानग्राहीबाट ५० लाख रुपैयाँ घुस लिएर अख्तियारी दुरुपयोग गरेको र २०८० साउन १५ सम्म सामान खरिद गर्न ल्याउने भनी सम्झौता गरेको तथा यसमा प्रमुख योजनाकार तथा मुख्य मतियार साह र सचिव सिंह आफ्नै श्रीमान भेटनरी कार्यालय सप्तरीको कार्यालय प्रमुख प्रभात झा भएकाले नियम अनुसार शंकर साहलाई सस्पेण्ड गरी आवश्यक कारबाही गर्नका लागि समेत माग गरिएको छ।

पीडित कृषक समुदायले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासमा दिएको उजुरीमा भनिएको छ–'आवश्यक मेसिन र उपकरण खरिद तथा जडानको लागि युवरानी फिस फिड संस्थाका सञ्चालक लक्ष्मी नारायण यादवले अनुदानबाट ९ लाख ५० हजार रकम भेटेरीनरी अस्पताल तथा पशु केन्द्रबाट प्राप्त गरी सो अनुदान रकमबाट ग्राईन्डर मेसिन एक थान, सुचिरिङ्ग मेसिन एक थान, दाना प्याक गर्ने नयाँ बोरा २२० थान, कच्चा पदार्थ माछाकालागि एक लाख २० हजार गरी सताइस लाख २० हजारको काम मात्र गरेको छ।'

सूचनामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मधेश प्रदेश र मातहतका सम्वन्धित कार्यालयकोलागि प्रस्तावको वर्गीकरण परियोजनाको अनुदान सीमा तोकिएको भएता पनि सो सम्वन्धमा मूल कार्यविधि र प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम २०७९ मा कुनै प्रावधान नभएको, कार्यक्रम कार्यान्वयनमा एकरुपता कायम हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायले अधिकतम जिल्ला, विषयगत क्षेत्रहरु/बालीवस्तुहरुको छनोट र सोही बमोजिम एक मुष्ठ बजेट समेत बाँडफाँट गर्ने आधार र मापदण्ड तथा सोको निर्णय गर्ने निकाय सम्वन्धित कार्यविधिमा स्पष्ट रुपमा उल्लेख नभएको लगायतका कमीकमजोरी सो निवेदन पत्रमा औल्याइएको छ।

# आइपिओ ल्याउने खेलमा धितोपत्र बोर्ड मतियार बन्यो : प्रदीप यादव

**टुडे समाचारदाता**



काठमाण्डु । जनता समाजवादी पार्टीका प्रमुख सचेतक प्रदीप यादवले धितोपत्र बोर्डकै मिलेमतोमा घाटामा रहेका कम्पनीको नाफा देखाएर आइपिओ ल्याउने गरेको आरोप लगाएका छन् । अडिटरमार्फत नाफा देखाई बोर्डमा निवेदन दिने र बोर्डले पनि चेकजाँच नगरी जस्तोसुकै कम्पनीलाई आपिओ निष्कासनको स्वीकृति दिइरहेको उनको दाबी छ ।

आइतबार प्रतिनिधिसभाको विशेष समयमा यादवले भने, ' अडिटरमार्फत मुनाफा देखाई धितोपत्र बोर्डमा निवेदन दिन्छन् । धितोपत्र बोर्डले चेकजाँच नगरी जस्तोसुकै कम्पनीलाई आइपिओ निष्कासनको स्वीकृति दिन्छ। उदाहरणका रूपमा घोराही सिमेन्ट, सोनापुर मिलरल्स एन्ड आयल कम्पनी, नेपाल वेयर हाउस कम्पनी, पिपुल्स हाइड्रोपावर कम्पनी आइपिओ निष्कासनअघि ग्रिन जोनमा थिए। तर, आइपिओ निष्कानपछि रेडजोनमा गए । किनकि आइपिओ निष्कासनअघि लगानीकर्तालाई आकर्षित गर्न वित्तीय विवरण नै म्यानुप्युलेट गरिएको हुन्छ।'

यस्ता कम्पनीले वित्तीय विवरण 'म्यानुप्युलेट' गरी रिजर्भमा रहेको रकमसमेत नाफामा देखाउने गरेको प्रमुख सचेतक यादवको दाबी छ । उनले भने, 'धेरैजसो कम्पनीको भ्याट मुद्दा, विद्युत् बक्यौताको मुद्दा चलिरहेको छ अदालतमा। कतिपय कम्पनीलाई प्रिमियममा आइपिओ निकाल्न अनुमति दिइयो।'

कम्पनीमा लगानीको जोखिम मूल्यांकन गर्ने केयर रेटिङ नेपाल र इक्रा नेपाल एजेन्सीको समेत बोर्डले नियमननगरेकोभन्दै यादवले असन्तुष्टि जनाए । 'मैले पाएको सूचनाअनुसार यी एजेन्सीहरूले गैरकानुनी रूपमा रेटिङ बढाउँछन्। र, धितोपत्र बोर्ड दुधको रखवाल बिरालोजस्तो भएर बसेर हेरिरहन्छ,' उनले भने, 'रेटिङ एजेन्सीले पूर्वाग्रही भएर रेटिङ गर्दा मिहिनेत गरेर कमाएको पैसा डुब्ने जोखिम हुन्छ। यहाँसम्म कि रेटिङ कम्पनीको सम्पर्कमा रहेर मार्केट बढाउने केही प्लेयर छन् । यी प्लेयरहरू रेटिङ कम्पनीसँग मिलेर सेयर बजारमा लगानी गर्छन् । जब सेयर बजार केही माथि जान्छ, अनि साधारण लगानीकर्तालाई के लाग्छ भने यो सेयरमा लगानी गर्नुपर्छ, धेरै माथि गइरहेको छ। गरिब, निमुखाले पनि धमाधम लगानी गर्छन्। अनि ती प्लेयर, ती बिचौलियाहरू आफ्नो पैसा झिक्छन् र बजार एकैपटक तल झर्छ । आम लगानीकर्ता डुब्छन्।'

नेपाली सेयर बजारमा गम्भीर अपराधहरू भइरहे पनि नियामक निकाय धितोपत्र बोर्ड नै मुख्य मतियार बनेर सीमित व्यापारीलाई पोस्न उद्दत रहेको यादवको भनाइ छ। 'नेपाली सेयर बजारमा भइरहेको यो गम्भीर अपराधमा नियामक निकाय धितोपत्र बोर्ड नै मुख्य मतियार बनेर लगानीकर्तामाथि ज्यादती गरेर सीमित व्यापारी र माफियालाई पोस्न उद्यत् रहेको छ। ३२ खर्ब लागनी रहेको नेपाली सेयर बजार अत्यन्तै गम्भीर संकटपूर्ण अवस्थामा पुगेको छ,' उनले भने।

# आन्दोलनको तयारीमा जनमत

**टुडे समाचारदाता**

काठमाण्डु । डा.सिके राउत नेतृत्वको जनमत पार्टी यतिखेर नौलो गणतन्त्र र सामाजिक लोकतन्त्रका लागि आन्दोलनको तयारीमा जुटेका छन् । त्यसका लागि सो पार्टीले पहिलो शक्ति प्रदर्शन गणतन्त्र दिवसका दिन जेठ १५ गते काठमाण्डुमा गर्ने भएका छन्। यो गणतन्त्रले देशको समस्या समाधान नभएको भन्दै जनमत पार्टी नौलो गणतन्त्रका लागि तेस्रो जनआन्दोलनको प्रारम्भ गर्ने तयारीमा जुटेको छ।




त्यसका लागि जनमत पार्टीका नेता तथा कार्यकर्ताहरू प्रचार प्रसारमा जुटेका छन् । उनीहरुले गाउँ गाउँमा प्रचार प्रसारलाई तीव्रता दिएका छ। काठमाण्डुमा जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले स्वयं आफै प्रचार प्रसारमा लागेका छन्। राउतले जनतासँग प्रत्यक्ष भेटेर नौलो गणतन्त्रबारे जानकारी गराउँदै जेठ १५ गतेको कार्यक्रममा आउन आग्रह गरिरहेका छन्। उनले कार्यक्रमका लागि विभिन्न प्रशिक्षण तथा तालिमहरू पनि दिइरहेका छन् । पार्टीका उपाध्यक्ष दीपक साहले तेस्रो जनआन्दोलनको तयारीमा जनमत पार्टी जुटेको बताउँदै त्यसका लागि प्रचार प्रसार तथा प्रशिक्षणका कार्यक्रमहरू भइरहेको बताए । 'यो गणतन्त्र विकृत भइसकेको छ, नौलो र यो भन्दा परस्कृत गणतन्त्रको आवश्यकता देखिएकाले त्यसको तयारीमा जुटेका छौं' उनले भने।

उनले भने, '२०८१ जेठ १५ गते काठमाण्डुमा एउटा प्रदर्शन छ, त्यो प्रदर्शनपछिको अवस्था कस्तो हुन्छ त्यसको आधारमा थप रणनीतिहरू बनाउने छौं।'


जनमत पार्टीले यही गणतन्त्रलाई सुधार्नका लागि आन्दोलनको आवश्यकता रहेको भन्दै जनतालाई कन्भिन्स गरिरहेको साहले बताए।

'उठौं, जागौं-देश विकासको आन्दोलनमा सहभागी होऔं, दोस्रो गणतन्त्रको आन्दोलनमा सहभागी होऔं' भ्रष्टाचारमेटाऔं, दलतन्त्रको तानाशाही हटाऔं, जनताको अधिकार जनताकै हातमा दिऔं' प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीसहित "नौलो गणतन्त्र र सामाजिक लोकतन्त्र" ल्याऔं' भन्ने नारासहित आफूहरू आन्दोलनको तयारीमा लागेको उपाध्यक्ष साहले बताए।

एक सदनात्मक व्यवस्था कायम गर्न माग गर्दै अध्यक्ष राउतले प्रत्यक्ष रूपमा प्रधानमन्त्रीको निर्वाचन हुनुपर्ने बताएका छन् । निर्वाचन अधिकृत, महालेखा परीक्षक, न्यायाधिवक्ता र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख समेत निर्वाचनबाट चयन गर्न उनले माग गरेका छन्। प्रधानमन्त्रीद्वारा कार्यक्षेत्र विशेषज्ञताको आधारमा विशेषज्ञहरू नियुक्त गरेर विभागीय काम कारबाही गर्ने व्यवस्था गर्न माग गर्दै उनले प्रदेशमा मुख्यमन्त्री पनि प्रत्यक्ष निर्वाचनबाट चुनिनुपर्ने तर मन्त्री नराख्दा नौलो गणतन्त्र हुने अध्यक्ष राउतको बुझाई छ।

देशको उत्पादन प्रणाली निजी क्षेत्रको हातमा दिने तर राज्यले नियमन गर्ने र शिक्षा, स्वास्थ्यजस्ता आधारभूत अधिकारहरूबाट कोही बञ्चित नहोस् भनि सुनिश्चित् गर्न गर्नुपर्ने राउत नेतृत्वको पार्टीको माग छ।

# मिटरब्याजपीडितलाई वार्तामा आउन आह्वान



**टुडे समाचारदाता**

काठमाण्डु । आन्दोलनरत अनुचित लेनदेन (मिटरब्याज) पीडितलाई सरकारले छलफलका लागि बोलाएको छ। मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिलाई आइतबार पत्र पठाउँदै गृह मन्त्रालयले वार्ताका लागि बोलाएको छ।

गृह मन्त्रालयका सहसचिव रुद्रप्रसाद पण्डितको संयोजकत्वमा वार्ता टोली गठन गरिएको मन्त्रालयका उपसचिव एकदेव अधिकारीले जानकारी दिए । वार्ता समितिमा मन्त्रालयका तर्फबाट सहसचिव पण्डितसहित दुईजना उपसचिव रहने र संघर्ष समितिबाट बढीमा पाँच सदस्यीय वार्ता टोली गठन गरी मन्त्रालयमा उपस्थित हुन भनिएको उनले जानकारी दिए। आन्दोलनरत मिटरब्याजपीडितसँग अहिले पनि अनौपचारिकरुपमा कुरा भइरहेको छ। मिटरब्याजपीडितबाट पैदलयात्रा, प्रदर्शनलगायत आन्दोलनका कार्यक्रम सञ्चालन भइरहेको सम्बन्धमा ध्यानाकर्षण भएको पनि गृह मन्त्रालयले जनाएको छ। मिटरब्याजसँग सम्बन्धित समस्या समाधानका लागि कानुन संशोधन, अधिकारसम्पन्न आयोग गठन, आयोगको कार्यकाल समाप्त भई विघटन भएपश्चात् उजुरी फछ्र्यौटसम्बन्धी कार्यविधि तर्जुमा गरी दुवै पक्षको बीचमा छलफल तथा मेलमिलाप गराउने प्रयास भइरहेको गृह मन्त्रालयले जनाएको छ। उक्त मन्त्रालयका अनुसार सहमति नभएका विषयमा कानुनबमोजिम मुद्दा दर्ता गर्नेलगायत जिम्मेवारी नेपाल प्रहरीलाई दिइएको र त्यसको अनुगमन प्रमुख जिल्ला अधिकारीले गर्ने व्यवस्था मिलाइएको छ। यद्यपि मिटरब्याजपीडितले गृहमन्त्रालयको यो भनाइ अस्वीकार गरेका छन् । देशका विभिन्न स्थानबाट पैदलयात्रा (न्याय मार्च) गर्दै मिटरब्याजपीडित गत शुक्रबार काठमाण्डु पुगेका छन् । मिटरब्याजपीडितका समस्या समाधान गर्न कानुन संशोधन गरिए पनि त्यसको प्रभावकारिता नदेखिएको र पीडितले न्याय पाउन नसकेको भन्दै उनीहरु २३ दिन लामो 'न्याय मार्च' गरेर काठमाण्डु पुगेका थिए।


गत असारमा मुलुकीसंहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमार्फत गत असारमा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी विधेयक संसद्बाट पारित भएको थियो तर उक्त कानुनले आफ्ना माग सम्बोधन गर्न नसकेको पीडितको भनाइ छ। पीडितका समस्या समाधान गर्न उच्चस्तरीय अधिकारसम्पन्न आयोग गठन गरिनुपर्ने र विद्यमान कानुनमा संशोधन गरी थप बलियो बनाउनुपर्ने उनीहरुको माग छ । गत चैतमा मन्त्रिपरिषद्ले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो तर आफूहरुले न्याय नपाएको भन्दै उनीहरु फेरि काठमाण्डुमा भेला भएका छन्।

## घर भाडामा

जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर २ वकिल टोलको मुखमा भानुचोकसँगै रहेको ३ बेडरुम, १ हल, किचेन, बाथरुम, कारपार्किंगको सुविधा सहितको आधुनिक घर भाडाका लागि खाली छ। लिने इच्छुक व्यक्ति वा संस्थाले निम्न नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ।

सम्पर्क नं.:-
९८५१०७७२७६ र ९८१००७७२७६

## हार्दिक शुभकामना



बारा जिल्ला कलैया उपमहानगरपालिका ५ निवासी बारा नागरिक समाजका अध्यक्ष आदरणिय उमेशलालदासको माईलो छोरा प्रविण कुमार र महोतरी जिल्ला मटियानी नगरपालिका ८ मटियानी निवासी रमेशलाल कर्णका सुपुत्री शुभा कर्ण वैवाहिक बन्धनमा बाधिएकोमा हार्दिक बधाई सहित सफल दाम्पत्य जीवनको कमना गर्दछौ ।

सत्यप्रसाद श्रेष्ठ
वरिष्ठ पत्रकार

राकेश पाण्डेय
पूर्व उपाध्यक्ष, पत्रकार महासंघ, बारा

## आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

कम्प्युटर अपरेटर - १ (एक) जना
लेखापाल - २ (दुई) जना
(व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको/महिलालाई विशेष प्राथमिकता)

सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८